# यौनिक तथा लैङ्गिक अल्पसंख्यक सम्बन्धी केही आधारभूत जानकारी



नील हिरा समाज

# यौनिक तथा लैङ्गिक अल्पसंख्यक सम्बन्धी केही आधारभूत जानकारी

**प्रथम संस्करण** : २०६६ श्रावण

**सर्वाधिकार** : **नील हिरा समाज**
शिवभक्तिमार्ग ३४४, खुर्सानीटार
लाजिम्पाट, काठमाडौ
फोन नं ४४४३३५०, ४४४५१४७
website: http://www.bds.org.np
email: bluediamondsociety@yahoo.com

१२००० प्रति

(**यूरोपेली संघको आर्थिक सहयोगमा प्रकाशन गरिएको**)

**मुद्रण** : प्रिन्ट प्वाइन्ट पब्लिसिङ्ग ... 3P
त्रिपुरेश्वर, काठमाडौं
४२४९६७४/५

# भूमिका

अहिले मुलुक नयाँ संविधान मार्फत राज्यको पुनर्संरचना सहित नयाँ नेपाल निर्माणको बाटोमा अघि बढि रहेको छ । नेपालमा अहिलेसम्म विभेदका शिकार बनाइएका सिमान्तकृत जनसमुदायहरूले नयाँ नेपालमा राज्यबाट समान संरक्षणको प्रत्याभूति पाउनु पर्ने कुरा प्रति मुलुक एकमत देखिन्छ । लैङ्गिक तथा यौनिक अल्पसंख्यकहरूको अधिकारको प्रत्याभूति पनि संविधानबाटै गरिनु पर्दछ भन्ने आवाज उठि रहेको परिप्रेक्षमा यो समुदायको बारेमा चासो राख्ने सबैले यस संग सम्बन्धित तथ्यहरू थाहा पाउनु राम्रो हुनेछ । यसै बीच २०६४ साल पौष ६ गते यौनिक तथा लैङ्गिक अल्पसंख्यक समुदायको विशेष पहिचान, विशेष संरक्षण, विशेष आरक्षण सहितको सर्वोच्च अदालतको ऐतिहासिक फैसलाले यो समुदायले उठाउँदै आएको आवाज सही थियो भन्ने कुरालाई त पुष्टि गरि नै सकेको छ, त्यसका अलावा संविधानसभाद्वारा अब बन्ने नयाँ संविधानमा व्यक्तिलाई हक प्रदान गर्दा महिला र पुरूषको अतिरिक्त लैङ्गिक पहिचान र यौनिक अभिमुखिकरणका आधारमा समेत भेदभाव गर्न नपाउने खालको स्पष्ट व्यवस्था नै गरिनु पर्ने न्यायिक टिप्पणी समेत गरेको छ ।

यस हाते पुस्तिका मार्फत यौनिक तथा लैङ्गिक अल्पसंख्यकहरूसंग सम्बन्धित सवालहरूलाई सरल र छरितो ढंगबाट परिचय गराउने प्रयत्न गरिएको छ । यसमा सर्वप्रथम यौनिक तथा लैङ्गिक अल्पसंख्यकहरूको चिनारी राखिएको छ त्यसपछि यौनिक तथा लैङ्गिक अल्पसंख्यक समुदायहरूले भोग्नु परेका समस्याहरूको परिचय गराउदै यौनिक तथा लैङ्गिक अल्पसंख्यकका अधिकार दावी गर्ने आधारहरू प्रष्ट्याइएको छ । यौनिक तथा लैङ्गिक पहिचान र यस संग सम्बन्धित मानवअधिकारलाई त्यस पछिको परिच्छेदमा समाविष्ट गरी यदि मानवअधिकारको उल्लंघन भएमा उपचारको तरिका समेत उल्लेख गरिएको छ । अन्तमा, सम्मानित सर्वोच्च अदालतको ऐतिहासिक फैसलालाई संक्षिप्त रूपमा राखिएको छ ।

यस हाते पुस्तिकाबाट यौनिक तथा लैङ्गिक अल्पसंख्यक समुदायमा रहेका व्यक्तिहरू, उनीहरूको विषयमा चासो राख्ने व्यक्तिहरू, मानवअधिकारकर्मीहरू, कानुन कार्यान्वयन गराउने निकायहरू तथा सर्वसाधारण जो केही पनि केही न केही रूपमा लाभान्वित हुने अपेक्षा गरिएको छ ।

माननीय सभासद्
**सुनील बाबु पन्त**

# विषय सूची


**परिच्छेद १** ---------- ७
यौनिक तथा लैङ्गिक अल्पसंख्यक सम्बन्धी केही आधारभूत जानकारी ---------- ७

**परिच्छेद २** ---------- ९
यौनिक तथा लैङ्गिक अल्पसंख्यक समुदायहरूले भोग्नु परेका समस्याहरू ---------- ९

**परिच्छेद ३** ---------- १०
यौनिक तथा लैङ्गिक अल्पसंख्यकका अधिकार दावी गर्ने आधारहरू ---------- १०
यौनिक अभिमुखिकरण तथा लैङ्गिक पहिचानका सन्दर्भमा स्थापित नजिरहरू ---------- ११

**परिच्छेद ४** ---------- १३
यौनिक तथा लैङ्गिक पहिचान र मानवअधिकार ---------- १३
लैङ्गिक पहिचानका सम्बन्धमा प्रष्ट हुनुपर्ने कुराहरू ---------- १३
यौनिक तथा लैङ्गिक अल्पसंख्यक र मानवअधिकार ---------- १४
यौनिक तथा लैङ्गिक अल्पसंख्यकहरूको संरक्षण ---------- १५
उपसंहार ---------- १६

**परिच्छेद ५** ---------- १७
मानवअधिकारको अल्लंघनमा उपचार ---------- १७
क. अन्तर्राष्ट्रिय स्तरको उपचार ---------- १७
ख. मानवअधिकार उल्लंघनका घटनाहरूलाई राष्ट्रिय स्तरमा उपचार ---------- २१

**परिच्छेद ६** ---------- २९
सर्वोच्च अदालतको २०६४ साल पौष ६ गतेको निर्देशनात्मक आदेश (फैसला) ---------- २९

**परिच्छेद ७** ---------- ३४
समलिङ्गी/तेश्रो लिङ्गी वारे बारम्बार सोधिने प्रश्नहरू ---------- ३४

# परिच्छेद – १

## यौनिक तथा लैङ्गिक अल्पसंख्यक सम्बन्धी केही आधारभूत जानकारी
## (Basic information on sexual and gender minorities)

### जैविक लिङ्ग (Sex) के हो ?

जैविक लिङ्ग व्यक्तिको यौन अङ्ग अनुसार छुट्टिन्छ : पुरूष लिङ्ग (Male), स्त्री लिङ्ग (Female) र अन्तरलिङ्ग (intersexed) ।

### सामाजिक लिङ्ग (Gender) के हो ?

कुनै पनि व्यक्तिको "महिला (Woman)", "पुरूष (Man)" वा "तेश्रोलिङ्गी (Third gender)" हुने लैङ्गिक अनुभुति हो । महिला, पुरुष र तेश्रोलिङ्गी व्यक्तिको हाउभाउ, व्यक्तित्व तथा लैङ्गिक प्रस्तुती (Gender expression) पनि सामाजिक लिङ्ग अनुसार फरक हुन्छ ।

### तेश्रोलिङ्गी (Third gender) के हो ?

(जन्मदा वालक वा वालिका जे सुकै भए पनि) यस्तो व्यक्ति (हुर्कदा) जसको लैङ्गिक पहिचान (Gender Identity), लैङ्गिक प्रस्तुती (Gender Expression), व्यक्तित्व आदि समाजमा परम्परागतरूपमा महिला र पुरुष अपेक्षा गरिएको भन्दा फरक हुन्छ । नेपालमा विभिन्न भेगमा विभिन्न भाषामा तेस्रोलिङ्गीलाई यसो भनिन्छः–

**मेटी** : पुर्वी नेपाल तिरबाट आएको शब्द, यस्ता व्यक्तिहरू (जन्मदा बालक तर हुर्कदा आफुलाई स्त्री स्वभावको पाउने) लाई इङ्गित गर्दछ जो आफुलाई महिला वा पुरूष दुबै ठान्दैनन् ।

**सिङ्गारु** : तेश्रोलिङ्गी व्यक्तिलाई पश्चिम पहाडतिर सिङ्गारू भनिन्छ ।

**मारुनी** : त्यस्तै केटीको भेषमा नाच्ने पुरुष वा तेश्रोलिङ्गी व्यक्तिलाई मारूनी भनिन्छ ।

**मौगिया वा कोथी** : तेश्रोलिङ्गी व्यक्तिलाई तराईतिर मौगिया वा कोथी भनिन्छ ।

**फुलुफुलु** : तेश्रोलिङ्गी व्यक्तिलाई हिमाली भेगमा फुलुफुलु भनिन्छ, आदि ।

## हिजडा को हुन् ?

हिजडा समुदाय नेपालको तराई र भारतमा करिब ४००० बर्ष भन्दा बढी पहिले देखि रहदै आएका छन् । हिजडाहरू तेश्रोलिङ्गी (जसलाई "पिङ्गला" भनिने शिव-शक्ति रूप, शिवको अर्ध पुरुष तथा अर्ध महिलाको रूप, सम्भिन्छन्) भएको कारण आफुलाई पवित्र वा अलौकिक ठान्दछन् । हिजडा हुन चाहने व्यक्ति (जो जन्मदा पुरूषलिङ्ग भएर जन्मेको हुन्छ) ले हिजडा समदायमा आफुलाई सामेल गर्नु पर्छ तथा विभिन्न नियम तथा अनुशासन (जस्तै महिलाको भेषमा उठबस गर्नु पर्ने, उठेर पिसाव गर्न नहुने आदि) पालना आदि गर्नु पर्ने हुन्छ । जसले यो समुदायको यी नियम तथा अनुशासनहरू सख्त रूपले पालन गर्न सक्छ ती व्यक्तिहरूले मात्र "निर्वाण" (लिङ्ग काटी पूणरूपमा हिजडा हुने प्रकृया) लिन पाउँछन् ।

## अन्तरलिङ्गी (Intersexed) के हो ?

यस्ता व्यक्ति जो जन्मदा नै यौन अंङ्गको हिसावले सामाजिक अपेक्षा अनुरूप वालक (Male) वा वालिका (female) छुट्टिदैनन् । ऐतिहासिक तवरले, चिकित्सक समुदायले यसलाई हेर्माफ्रोडाइट्स (Hermaphrodites) भन्ने विल्ला लगाई बच्चाको यौनअङ्ग सच्याउने शल्यक्रिया (sex reassignment surgery) गरिदिने चलन कयौं देशमा छ । तर समकालिन दृष्टिकोण यस्तो जवरजस्ती बच्चाको यौनअङ्ग सच्याउने शल्यक्रिया अभ्यास (arbitrary practice of gender reassignment surgery) लाई बलजफ्ती लैङ्गिक पहिचान बनाईदिने र यौनअङ्ग बिगारी दिने भनी चुनौती दिने गरको छ । किनभने बच्चाको लैङ्गिक पहिचान (Gender Identity) पछि कस्तो हुन्छ भनेर बच्चामा नै एकिन गर्न सकिन्न ।

## यौन अभिमुखिकरण (Sexual Orientation) के हो ?

यसले कुनै पनि व्यक्तिको शारीरिक तथा भावनात्मक आकर्षणको दिशा बोध गर्दछ, र त्यो आकर्षण विपरित लिङ्ग भएको व्यक्तिप्रति वा समानलिङ्ग भएको व्यक्तिप्रति वा सबै लिङ्ग प्रति हुन सक्दछ ।

**विपरित लिङ्गी** (Heterosexual) : यस्तो व्यक्ति जो शारीरिक तथा भावनात्मक रूपले आफु भन्दा विपरित लिङ्ग भएको व्यक्ति प्रति आकर्षित हुन्छ ।

**समलिङ्गी** (Homosexual) : यस्तो व्यक्ति जो शारीरिक तथा भावनात्मक रूपले आफुजस्तै समानलिङ्ग भएको व्यात्तिप्रति आकर्षित हुन्छ । समलिङ्गी व्यक्तिलाई अँग्रेजी भाषामा "होमोसेक्सुअल" भनिएता पनि "गे" शब्द बढि प्रयोग गरिन्छ भने महिला समलिङ्गीलाई "लेस्वियन" भन्ने चलन छ ।

**दुई लिङ्गी** (Bisexual) : यस्तो व्यक्ति जो शारीरिक तथा भावनात्मक रूपले महिला पुरूष दुबै सित आकर्षित हुन्छ ।

# परिच्छेद - २

## यौनिक तथा लैङ्गिक अल्पसंख्यक समुदायहरुले भोग्नु परेका समस्याहरु

- आफ्नो लैङ्गिक पहिचान अनुसारको नागरिकता नपाउने ।
- आफ्नो यौनिकताको कारणले घर परिवार तथा समाजबाट वहिष्कार गर्ने ।
- परिवारले आफ्नो ईच्छा विपरित विपरित लिङ्गीसंग बलजफ्ती विवाह गरिदिने ।
- आफुलाई मन परेको व्यक्तिसंग विवाह गरेर बस्न पाउनु पर्ने सुविधाबाट वञ्चित हुने ।
- आधारभुत शिक्षा, स्वास्थ्य तथा रोजगारबाट बञ्चित ।
  - शिक्षा आर्जन गर्नको लागि उपयुक्त वातावरणबाट वञ्चित रहेको । शिक्षण पाठ्यक्रममा केवल विपरित लिङ्गीको मात्र अध्ययन गराईने तर हामी जस्ता समलिङ्गी तथा तेश्रो लिङ्गीहरूको अस्तित्वलाई उल्लेख नगरेकाले समाजमा हामी अस्वीकृत अवस्थामा रहनु परेको ।
  - हामी यौनजन्य रोग तथा HIV/AIDS बाट बढी संक्रमण भएका तर हामीलाई लक्षित गरि बनाईएका उपचार तथा रोकथामका कार्यक्रमहरू नहुने ।
  - हामी पनि समाजलाई केही गरेर, उत्पादनशील भएर योगदान दिन चाहान्छौं तर हामीमा अर्न्तनिहित सीप, उर्जा र क्षमतालाई उजागर गर्न कुनै र कतै पनि व्यवस्था नभएको ।
- खुला रूपमा हिंड डुल गर्न नपाइने ।
- समाजले हामीलाई नाच्ने गाउने पेशा अर्थात मनोरञ्जनको साधनको रूपमै सीमित राख्ने सोच ।
- सामान्य नागरिक सरह आधारभूत मानवअधिकारबाट बञ्चित रहेको ।
- समाजमा शान्ति सुरक्षा तथा जिउ धनको सुरक्षा गर्ने वर्गबाटै हामी असुरक्षित रहने ।
- पैत्रिक सम्पत्ति तथा वंशजको अधिकारबाट वञ्चित हुने ।
- सरकारी तथा गैरसरकारी निकाय र विदेशमा उपलब्ध रोजगारको अवसरबाट वञ्चित ।
- सार्वजनिक सेवाहरू जस्तोः अस्पताल, शौचालय आदिमा महिला र पुरूषलाई मात्र व्यवस्था भएको तर हामी यौनिक तथा लैङ्गिक अल्पसंख्यक समुदायलाई त्यस्तो विशेष व्यवस्था नहुंदा सेवा लिदा पर्ने अप्ठेरो ।
- फरक यौनिक अभिमुखिकरण भएकोले भेदभाव र लाञ्छना व्यहोर्नु पर्ने ।
- नेपाल सरकारको नीति तथा अन्य दातृ निकायको नीतिहरूमा सिमान्तकृत वर्गमा केवल महिला, दलित, मधेशी, अपांग तथा जनजाती उल्लेख हुने तर हामी जस्ता अत्यन्त सिमान्तकृत वर्गलाई सम्बोधन नगर्नाले हाम्रो हित गर्ने कार्यक्रमहरूबाट वञ्चित हुनु पर्ने ।

# परिच्छेद - ३

## यौनिक तथा लैङ्गिक अल्पसंख्यकहरूका अधिकार दावी गर्ने आधारहरू

मानवअधिकारको विश्वव्यापी घोषणापत्रमा उल्लेख गरिएको छ : "सबै मानव जातिहरू मर्यादा र अधिकारका सम्बन्धमा स्वतन्त्र र समान हैसियतमा जन्मेका हुन्छन् र समान आत्मसम्मानका साथ बाँचेका हुन्छन्" । मानवअधिकारको विश्वव्यापी घोषणापत्र स्वयं र त्यसपछि आएका पछिल्ला संयन्त्रहरूले स्पष्टसंग लैङ्गिक पहिचान र यौनिक अभिमुखिकरण वा छुट्टै यौन प्रश्तुतीकरण भएका व्यक्तिहरूको मानवअधिकारका सम्बन्धमा कुनै स्पष्ट र ठोस व्यवस्था उल्लेख गरेको नभएतापनि संसारमा मानवअधिकारको बढ्दो अवधारणा र विकासले यौनिक तथा लैङ्गिक अल्पसंख्यक मानिसहरूका मानवअधिकारको संरक्षण व्याख्याबाट समेट्न सकेको छ । यिनीहरूमा मानवअधिकारको विश्वव्यापी घोषणापत्रको धारा १२ र नागरिक तथा राजनीतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय अनुबन्ध, १९६६ को धारा १७ अन्तर्गतको अत्यन्त शक्तिशाली अधिकारको रूपमा रहेको गोपनियताको हक, त्यसै गरी ऐ. ऐ. को क्रमशः धारा ७ र २६ को समानताको हक, र ऐ. ऐ. को धारा ७ र २ को भेदभावको अन्त्य सम्बन्धी हक महत्वपूर्ण छन् ।

यस सम्बन्धमा लैङ्गिक पहिचान, यौनिक अभिमुखिकरण तथा यौन प्रश्तुतीकरणका कारण भएका भेदभावका परिस्थिति र परिणामका सम्बन्धमा कानुनीरूपले बन्धनकारी मानिने अन्य अधिकारहरू पनि उल्लेखनीय छन्:

- निरंकुश तथा जबरजस्ती गिरफ्तारीबाट उन्मुक्ति, शरण माग्ने अधिकार, जीवनको अधिकार, व्यक्तिको स्वतन्त्रता र सुरक्षा (मानवअधिकारको विश्वव्यापी घोषणापत्र र नागरिक तथा राजनैतिक अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय अनुबन्ध);
- शिक्षाको अधिकार (आर्थिक, सामाजिक तथा साँस्कृतिक अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय अनुबन्ध र महिला विरूद्ध हुने सबै किसिमका भेदभावको अन्त्य गर्ने महासन्धी),
- सूचनाको अधिकार (मानवअधिकारको विश्वव्यापी घोषणापत्र र आर्थिक, सामाजिक तथा साँस्कृतिक अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय अनुबन्ध),
- स्वास्थ्यको अधिकार (मानवअधिकारको विश्वव्यापी घोषणापत्र, आर्थिक, सामाजिक तथा साँस्कृतिक अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय अनुबन्ध र महिला विरूद्ध हुने सबै किसिमका भेदभावको अन्त्य गर्ने महासन्धी ),
- यातना तथा अपमानजनक व्यवहार विरूद्धको अधिकार (मानवअधिकारको विश्वव्यापी घोषणापत्र र यातनाविरूद्धको महासन्धी),

- स्टेरियो टाइप (परंपरा देखि चलिआएका यस्तै हुनुपर्छ भन्ने प्रथा परंपरागत रूढीबादी अवधारणाहरू) भेदभाव उन्मुलन (महिला विरूद्ध हुने सबै किसिमका भेदभावको अन्त्य गर्ने महासन्धी ), र
- शान्तिपूर्ण भेला र सहभागी हुन पाउने अधिकार (मानवअधिकारको विश्वव्यापी घोषणापत्र र नागरिक तथा राजनैतिक अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय अनुबन्ध) मुख्य छन् ।

## यौन अभिमुखिकरण तथा लैङ्गिक पहिचानका सन्दर्भमा स्थापित नजिरहरू:

- सन् १९९४ मा संयुक्त राष्ट्रसंघ मानवअधिकार समितिद्वारा टुनेन वि.अष्ट्रेलिया (Toonen v. Australia) को मुद्दामा सहमतिमा गर्न सकिने यौन व्यवहारलाई रोक लगाउने कानुन नागरिक तथा राजनीतिक अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय अनुवन्धले ग्यारेन्टी गरेका गोपनीयताको हक (धारा १७) र भेदभाव विरूद्धको हक (धारा २) को विरूद्ध मौलिक मानवअधिकारको उल्लंघन हो भन्ने निर्णय गऱ्यो । यसमा यो पनि भनिएको छ कि नागरिक तथा राजनीतिक अधिकार सम्बन्धी अनुवन्धमा यौनको संरक्षीत वर्ग भित्र यौनिक अभिमुखिकरण पनि संलग्न गरिनुपर्दछ । यस मुद्धामा धारा २६ को यौन शब्दले यौन अभिमुखिकरण (Sexual Orientation) लाई समेत बुझाउछ भनी व्याख्या गरेको छ ।

  उपरोक्त टुनेनको फैसला पश्चात् मानवअधिकार समिति तथा सन्धीसंग सम्बन्धित अन्य निकाय र संयुक्त राष्ट्रसंघ समेतले यौनिक अभिमुखिकरणको आधारमा सदस्य राष्ट्रहरूले कुनै भेदभाव गरेको छ कि भनेर नियमित रूपमा निगरानी गरिरहेका छन् ।

- संयुक्त राष्ट्रसंघीय विशेष समाधिक्षकहरू, कार्यदल र स्वतन्त्र विशेषज्ञहरूले यौनिक अभिमुखिकरण र लैङ्गिक पहिचानको आधारमा हुने भेदभावको र हिंसाको विवरणहरू प्रतिवेदनमा उल्लेखनीय ढंगले प्रश्तुत गरेका छन् । उदाहरणका लागि सन् २००३ को गैरकानुनी थुना विरूद्ध कार्यदलले उनीहरूको जानकारीमा यस्तो तथ्य आयो भनी आफ्नो प्रतिवेदन बुझाएको थियो:

  केही मुलुकहरूमा लागु पदार्थ दुर्व्यसनीहरू, वेश्याबृत्तिमा संलग्न भएकाहरू, समलिङ्गीहरू र एडस्बाट ग्रसित र पीडित व्यक्तिहरूलाई यिनीहरूले समाजमा विकृति ल्याउछन् भन्ने नाउँमा फरक व्यवहार गरिएको पाइयो र साथै मानिसहरूलाई यौन अभिमुखिकरण र लैङ्गिक पहिचान कै आधारमा जेलको सजाय समेत दिइयो । समलिङ्गीका कारणले मुद्दा लगाइएका र थुनिएका ५५ जना व्यक्तिहरूसंगको कुराकानीमा आधारित भएर उक्त कार्यदलले यस्तो आधारमा थुनामा राखिनु र मुद्दा चलाइनु गैरकानुनी र जवरजस्ती थुना भएको कुरामा अभिमत जाहेर गर्दै यो कार्य कानुनका अघि समान हुनेछन् भन्ने नागरिक तथा राजनीतिक अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय अनुबन्धको धारा २ को हरफ १ र यौनिक विभेदका आधारमा लगायतका सबै किसिमका भेदभावबाट कानुनको समान संरक्षणको अधिकार हुनेछ भन्ने धारा २६ को घोर उल्लंघन भएको कुरामा जोड दियो ।

- **हरेकको उच्चतम स्तरमा स्वच्छ र स्वास्थ्यको पहुँच सम्बन्धी अधिकारका विशेष समाधिक्षेक पौउल हन्टले मानवअधिकार आयोगको ६० औं अधिवेशनमा प्रश्तुत प्रतिवेदन अनुसारः**

  यौनिकता वा यौनिक पहिचान हरेक मानव जातिको पहिचान तथा विशेषता हो । यो व्यक्तिको परिचय तथा चिनारीको मुलभुत पक्ष पनि हो । यसले कुन मानिस के हो भन्ने कुराको परिभाषित गर्दछ । प्रतिवेदकले अन्तर्राष्ट्रिय मानवअधिकार कानुनले सन् १९४५ पछि व्यक्तिका गोपनियता, समानता, सम्मान, स्वायत्तता, व्यक्तिको आत्म सम्मान र आत्म निर्णय जस्ता कुराहरू पालना तथा लागु र संरक्षण गरिनुपर्ने कानुनको रूपमा चित्रण गर्नुहुन्छ । यी अवस्थाहरूमा विशेष प्रतिवेदक निसन्देहरूपमा वर्तमान मौलिक मानवअधिकारको सिद्धान्तप्रतिको बुझाइ साथ साथै स्थापित मानवअधिकार मूल्य र मान्यताले यौनिक अधिकारलाई निसन्देहरूपमा मानवअधिकारको रूपमा मान्यता दिइनुपर्ने कुरामा जोड दिनुहुन्छ । यौनिक अधिकारले मानव जातिका त्यस्ता सबै अधिकारको बारेमा ग्यारेन्टी गर्दछ जुन मानिसहरूले यस्ता अधिकारहरू आफ्नो यौनिक पहिचानका आधारमा आफ्नो भलाई तथा उन्नतिको तथा अरूको अधिकारको कुनै डर तथा त्रास विना नै र कुनै स्वतन्त्रताको इन्कारी वा सामाजिक बहिष्कार विना नै प्राप्त गर्दछन् ।

- **संयुक्त राष्ट्र संघीय आर्थिक, सामाजिक तथा साँस्कृतिक अधिकारसम्बन्धी समितिले आर्थिक सामाजिक तथा साँस्कृतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय अनुबन्धको उच्च स्तरमा शारीरिक तथा मानसिक स्वास्थ्यको पहुँच तथा उपभोगको अधिकारको बारेमा आफ्नो एक प्रस्ताव पारित गर्दै भन्यो कि यौनिक पहिचानमा भेदभाव गर्नु भनेको भेदभावको रोकथाम उल्लंघनको आधार हो र यसले स्वास्थ्यको स्थितिमा पनि असर पार्दछ ।[1]**

  सन्धीहरूको अनुगमन गर्ने निकाय खासगरी नागरिक तथा राजनीतिक अधिकार सम्बन्धी अनुवन्ध, आर्थिक, सामाजिक तथा साँस्कृतिक अधिकारसम्बन्धी अनुबन्ध, महिला सम्बन्धी सबै किसिमको भेदभावको उन्मुलन गर्ने महासन्धी र वालवालिका सम्बन्धी अभिसन्धी अर्न्तगतका निकायहरूले वारम्वार उल्लेखित सन्धीहरूको बारेमा प्रतिवेदन बुझाउने सदस्य राष्ट्रहरूलाई यौनिक अभिमुखिकरणका अधिकारहरू मानवअधिकारको विषय भएको र यसका लागि सबै सदस्य राष्ट्रहरू जवाफदेही हुने कुरामा संकेत गर्दै विभिन्न प्रश्न सोध्ने गर्दछन् । यसरी यौनिक तथा लैङ्गिक अल्पसंख्यकका अधिकारको अवधारणा मानवअधिकारको विकासक्रमको पछिल्लो व्याख्या र मान्यता हो ।

1 General Comment No. 14, Committee on Economic Social and Cultural Rights

# परिच्छेद - ४

## यौनिक तथा लैंगिक पहिचान र मानवअधिकार

### लैङ्गिक पहिचानका सम्बन्धमा प्रष्ट हुनुपर्ने कुराहरू

लैङ्गिक पहिचान दिनुपर्ने बारेमा सोचहरू भर्खरै मात्र बन्न सुरू गरेको अवस्थामा लैङ्गिक पहिचान सम्बन्धी रहेको परम्परावादी सोचहरूमा परिवर्तन गर्दै नयाँ परिभाषा दिनु खोज्नुपर्ने अवस्था रह्यो । यसै क्रममा यौन अभिमुखिकरण तथा लैङ्गिक पहिचान सम्बन्धी अन्तर्राष्ट्रिय मानवअधिकार कानुन प्रयोग सम्बन्धी योग्यकार्ता सिद्धान्त मा विस्तृत परिभाषा दिने प्रयत्न भएको छ । जुस अनुसार gender identity is understood to refer to each person's deeply felt internal and individual experience of gender, which may or may not correspond with the sex assigned at birth, including the personal sense of the body ....and other expressions of gender, including dress, speech and mannerisms. Human Right Watch का अनुसार, gender identity generally refers to a person's internal, deeply felt sense of having a gender—of being male or female, or something other than or in between male and female.[2] तेश्रो लिङ्गी व्यक्तिहरू इतिहास देखि अहिले सम्म पनि सामाजिक भेदभावको शिकार बन्दै आएका छन् ।

उल्लेखित तेस्रो लैङ्गिक समुह जस्तै गरी समाजिक भेदभावबाट पीडित व्यक्तिहरूको अर्को समुह छ जसलाई यौन अभिमुखिकरण (sexual orientation) को कारणले गर्दा समाजमा असामाजिक तत्वको रूपमा व्यवहार गरिदै आएको छ । यस श्रेणिमा महिला समलिङ्गी (lesbian) तथा पुरूष समलिङ्गी (gay) हरू पर्दछन् । यहाँ, सर्वप्रथम sexual orientation भन्नाले के कुरालाई इंगित गर्दछ भन्नेकुरा प्रष्ट भए यसको आधारमा गरिने भेदभाव न्यायसंगत छ कि छैन भनि थाहा पाउन सजिलो हुने देखिन्छ । यस संदर्भमा दक्षिण अफ्रिकाको संवैधानिक अदालतले दिएको परिभाषा मननयोग्य देखिन्छ ।". . . sexual orientation is defined by reference to erotic attraction: in the case of heterosexuals, to members of the opposite sex; in the case of gays and lesbians, to members of the same sex. Potentially a homosexual or gay or lesbian person can therefore be anyone who is erotically attracted to members of his or her own sex."[3] यसरी यौन अभिमुखिकरण भन्नाले कुनै व्यक्तिको अर्को व्यक्ति जो समलिङ्गी पनि हुन सक्तछ,

2 Scott Long , "Why Should He Be Punished This Way?" Sexual orientation, gender identity, sexual rights: understanding the violations, Human Rights Watch.
3 National Coalition for Gay and Lesbian Equality and another v Minister of Justice and others (CCT11/98) [1998] ZACC 15; 1999 (1) SA 6; 1998 (1) BCLR 1517 (9 October 1998), para. 20

प्रतिको कामयुक्त आकर्षण हो । त्यसैगरी Sexual orientation generally refers to the way in which a person's sexual and emotional desires are directed. The term categorizes according to the sex of the object of desire—that is, it describes whether a person is attracted primarily toward people of the same or opposite sex or to both भनिएको छ । यौनिक अभिमुखिकरण नितान्त सामान्य मानिसमा हुने यौनजन्य व्यवहार हुन् जुन कुरा हरेक मानव समुदायमा आ-आफ्नै संस्कार अनुसार ऐतिहासिक रूपमा उल्लेखित छ र धेरै प्रकारका जनावरका प्रजातिहरूमा पनि देखा परेको बताइएको छ । त्यस्तै गरेर अमेरिकी मानसिक स्वस्थ विशेषज्ञहरूको संस्थाले समलिङ्गी सम्बन्ध मानसिक खराबीले हुने होइन (homosexuality is not a mental disorder)[4] भनेको छ ।

## यौनिक तथा लैङ्गिक अल्पसंख्यक र मानवअधिकार

समलिङ्गी यौन अभिमुखिकरण भएका तथा तेस्रो लिङ्गी लैङ्गिक पहिचान भएका समुदायलाई समाजिक सुरक्षा दिन र उनीहरूको मानवअधिकारको संरक्षण गर्न राज्य वाध्य छ कि छैन भन्ने कुरा मानवअधिकारले यौनिक तथा लैंगिक अल्पसंख्यकहरूलाई कसरी संरक्षण प्रदान गर्दछ भन्ने संग सम्बन्धित छ ।

राज्यले मानवअधिकार सम्बन्धी अन्तर्राष्ट्रिय सन्धि संझौताहरूमा हस्ताक्षर गरी अन्तर्राष्ट्रिय समुदायहरू समक्ष आफ्ना नागरिकहरूको मौलिक हक अधिकारको संरक्षण गर्ने प्रतिवद्धता जाहेर गरेको हुन्छ । नेपालको संदर्भमा कुरा गर्नुपर्दा मानवअधिकार सम्बन्धी मुख्य आठ वटा सन्धिहरू मध्ये पाँचवटा नेपालले अनुमोदन (ratify) गरेको छ । ती सन्धिहरू मध्ये International Convention on the Elimination of All Forms of Racial Discrimination (CERD) 1965, International Covenant on Civil and Political Rights (ICCPR) 1966, International Covenant on Economic, Social and Cultural Rights (IESCR) 1966, Convention on the Elimination of All Forms of Discrimination against Women (CEDAW) 1979 / Convention on the Rights of the Child (CRC) 1989 पर्दछन् । यी सन्धिहरूमध्ये यदि कुनैले sexual minority लाई संरक्षणको परिधीभित्र राखेको छ भने स्वभाविक रूपमा आफ्ना नागरिकहरूका ती मौलिक हकअधिकारको संरक्षण गर्ने कर्तव्य पुरा गर्नु नेपालको निम्ति दायित्व सृजना हुनजान्छ । यो वास्तविकतालाई नेपालले सन्धि ऐनमार्फत स्वीकार गरिसकेको पनि छ ।[5] जस अनुसार नेपाल सन्धि ऐन, २०४७ को दफा ९ बमोजिम उक्त महासन्धि नेपाल कानून सरह हुन्छ । साथै सन् १९६९ को भियना कन्भेन्सनको धारा २६ ले अन्तर्राष्ट्रिय सन्धिहरू त्यसका पक्ष राष्ट्रहरूका लागि बाध्यात्मक हुने र धारा २७ ले वैध अन्तर्राष्ट्रिय सन्धिहरूले सिर्जना गरेका उत्तरदायित्वबाट सन्धिका पक्ष राष्ट्रहरू पन्छिन नहुने व्यवस्था गरेको छ ।

4 American Psychiatric Association, Diagnostic and Statistical Manual of Mental Disorders xxx (4th ed. text rev. 2001)

5 **नेपाल सन्धि ऐन २०४७ को दफा ९(१) को व्यवस्था अनुरुप नेपाल पक्ष राष्ट्र भएको कुनै पनि सन्धिको व्यवस्था नेपाल सरहद भित्र राष्ट्रिय कानून सरह लागू हुने तथा सो सन्धि प्रचलित कानूनसाग बाझिएमा बाझिएको हदसम्म प्रचलित कानून अमान्य भई सन्धिको व्यवस्था नै नेपालको कानून सरह लागू हुने व्यवस्थाले नेपालको राष्ट्रिय कानून अन्तर्राष्ट्रिय सन्धि अनुरुप हुनुपर्ने व्यवस्था गरेको छ ।**

राज्यलाई दायित्व सृजना गराउने स्रोत अथवा माथिका सन्धिहरू मध्ये नागरिक तथा राजनीतिक अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय अनुबन्ध ICCPR को धारा २६ ले सबै मानिसहरू कानुनको अगाडि समान र कानुनको समान संरक्षणमा जाति, रंग, भाषा, लिंग (sex), धर्म, राजनीतिक तथा अरू विचार, राष्ट्रिय उत्पति, सम्पत्ति, जन्म वा अन्य हैसियत जस्ता कुनै पनि आधारमा भेदभाव गरिने छैन भनेको छ । यहाँ sexual orientation (अभिमुखिकरण), तथा transsexual (तस्रो लिङ्गी) हरूको बारेमा उल्लेख नगरेको हुनाले उनीहरूलाई अन्तर्राष्ट्रिय कानुनले नसमेटेको देखिन सक्छ तर यो कुरासंग प्रष्ट हुनलाई संयुक्त राष्ट्रसंघद्वारा विकास गरिएका उपरोक्त धारा २(१) र घारा २६ संग सम्बन्धित व्यख्याहरूलाई हेर्नु पर्ने हुन्छ । यस सन्दर्भमा संयुक्त राष्ट्रसंघीय मानवअधिकार समितिले Toonen v. Australia को मुद्दामा ... the Committee confines itself to noting, however, that in its view the reference to "sex" in articles 2, paragraph 1, and 26 is to be taken as including sexual orientation भनेर धारा २६ मा उल्लेखित कभह शव्दले नै sexual orientation लाई पनि समेटेको हुन्छ भनि sexual orientation लाई अन्तर्राष्ट्रिय कानुनले संरक्षण गरेको निश्चित गरियो । अव तेस्रो लिङ्गीहरू (transsexuals) लाई उपरोक्त किसिमको संरक्षण प्राप्त छ कि छैन भन्ने सन्दर्भमा दक्षिण अफ्रिकाको संबैधानिक अदालतले दिएको व्याख्या सान्दर्भिक देखिन्छ । सो अदालतले 'दक्षिण अफ्रिकाको संविधानमा उल्लेखित लैङ्गिक अभिमुखिकरण शब्दले तेश्रो लिङ्गीहरूलाई पनि समेटेको छ' भनेको छ यसरी "sexual orientation" को आधारमा कसैलाई भेदभाव गर्न पाईदैन भनेर संसारमै सबैभन्दा पहिलो र प्रगतिशील संविधान दिने दक्षिण अफ्रिकाले भाषिक एवं प्रासंगिकताको हिसावले समेत sexual orientation ले transsexual (third sex) अर्थात तेस्रो लिङ्गीहरूलाई समेत समटेको हुन्छ भनेको छ । अतः ICCPR ले sexual minorities लाई भेदभाव विरूद्धको संरक्षणको परिधिभित्र राखेको देखिन्छ ।

त्यस्तै गरेर उक्त अनुवन्धको धारा १६ ले प्रत्येक व्यक्तिलाई कानुनको अगाडि व्यक्तिको रूपमा मान्यता पाउने अधिकारको सुनिश्चितता गरेको छ भने धारा १७ ले कुनैपनि व्यक्तिको गोपनियताको स्वेच्छाचारी तथा गैरकानुनी अतिक्रमण बाट संरक्षणको प्रत्यभूति गरेकोछ । महिलाविरूद्धको सबैप्रकारका भेदभावहरूको उन्मुलन गर्ने सन्धि CEDAW का धारा ५ ले राज्यले महिला वा पुरूष वा कुनै पनि लिङ्गको कारणले समाजमा उचो वा निचा बनाउने पुर्वाग्रहयुक्त वा परम्परागत खालका सबै समाजिक संस्कारहरूलाई बदल्नु पर्दछ भनेको छ । यसरी लिङ्गको आधारमा र यौनिक अभिमुखिकरणको कारणले कसैलाई पनि भेदभाव नगर्न अथवा सो अनुकूलको वातावरण तयार गर्नु राज्य बाध्य रहेको देखिन्छ ।

## यौनिक तथा लैङ्गिक अल्पसंख्यकहरूको संरक्षण

यौनिक तथा लैङ्गिक अल्पसंख्यकहरूलाई राज्यले गर्ने भेदभावको परिणाम असोचनीय हुन्छ । संयुक्त राष्ट्रसंघीय Report of the Special Rapporteur on adequate standard of health, Paul Hunt ले आफ्नो प्रतिवेदनम sexual orientation is a prohibited basis of discrimination and has impact on health status भनेर उल्लेख गरेका छन् । त्यस्तै सामाजिक आर्थिक तथा साँस्कृतिक अधिकार सम्बन्धी संयुक्तराष्ट्रसंघीय

समितिले सन्धीको धारा व्याख्या गर्ने क्रममा अन्य कुराहरूका अतिरिक्त यौनिक अभिमुखिकरणको आधारमा कसैलाई पनि भेदभाव गर्न हुदैन भनेर प्रष्ट भनेको छ । दक्षिणी अफ्रिकी संबैधानिक अदालतले अझ मार्मिक किसिमले यौनिक अल्पसंख्यकहरूको अवस्थालाई चित्रित गर्दै उनीहरू सामाजका स्थायी अल्पसंख्यकहरू हुन् जो समाजमा सधै रहन्छन तर बहुमत हासिल गरेर उनीहरूलाई समेत सहज अवस्थामा पुऱ्याउने गरी नीति निर्माण गर्ने ठाउँमा कहिल्यै पुग्न सक्दैनन् । त्यसैले उनीहरूलाई संविधानको मौलिक अधिकार को प्रावधानले संरक्षण गरेको बाहेक अन्य ठाउँ छैन भन्दै उनीहरूलाई विशेष सुरक्षाको प्रत्याभुति दिनुपर्ने कुरामा जोड दिएको छ ।[6] अतः यौनिक अल्पसंख्यकहरू जहिले पनि भेदभाव्को शिकार बन्ने अवस्थालाई ध्यानमा राखेर राज्यले विशेष संरक्षणको प्रत्यामूति दिनु पर्दछ । यसको लागि तेस्रो लिङ्गीहरू (transexual / hormaphrodite / third sex) लाई उनीहरूले चाहेको जस्तो गरी लैङ्गिक पहिचान (gender identity) र फरक खाले यौनिक अभिमुखिकरण (sexual orientation) कानुनको समान संरक्षणमा भेदभाव नगर्न राज्यको पहिलो दायित्व हुन जाने देखिन्छ । Goodwin v. The United Kingdom को मुद्दामा भनिए जसरी जन्मदा मानिस जस्तो जैविक अंगका साथ जन्मे पनि समयक्रममा उसको शारीरिक अवस्थामा आएको परिवर्तनलाई ध्यानमा राखी उसलाई लैङ्गिक पहिचान दिनु पर्दछ । त्यसो नगरिए उसको निजी जीवन माथिको राज्यको अतिक्रमण ठानिनेछ । नेपालको सन्दर्भमा भन्नु पर्दा यदि मेटी (Meti) हरूले आफूलाई महिला वा पुरूषको रूपमा नभई तेस्रो लैङ्गिक पहिचानमा स्थापित गराउन चाहन्छन् भने उनीहरूलाई त्यो अधिकारको माग राज्यसंग गर्ने नैसर्गिक अधिकार रहेको देखिन्छ । यदि राज्यले उनीहरूलाई त्यस किसिमको अधिकार प्रदान गर्न इन्कार गर्दछ भने राज्य अन्तर्राष्ट्रिय समुदायमा आफुले व्यक्त गरेको नागरिकहरूप्रतिको दायित्वबाट पञ्छन खोजेको मात्र ठानिने होइन अपितु यौनिक अल्पसंख्यकहरूको निजी जीवनमाथि राज्यको स्वेच्छाचारी अतिक्रमण समेत ठहरिने कुरा मानवअधिकार सम्बन्धी युरोपियन अदालतले भनेको छ ।

## उपसंहार

नेपालमा रहेका यौनिक तथा लैङ्गिक अल्पसंख्यकहरू परिवार, समाज र राज्यबाट समेत हेपिएका, उत्पीडित भएका र लखेटिएका छन् । समाजले उनीहरूलाई परिवारमा रहन दिदैन, कामगर्न दिदैन, समुदायमा स्वभिमानपूर्वक वस्न दिदैन । माथि उल्लेखित सर्वोच्च अदालतको फैसला आई सकेपछि पनि राज्यले यी अल्पसंख्यक समुदायलाई अरू बहुसंख्यक नागरिकहरूलाई सरह मानवीय स्वभिमान पुर्वक समाजमा बस्न पाउने कुराको प्रत्याभूति दिलाउन विशेष कदम चलेको देखिदैन । समाजको एउटा समुदाय जो अहिलेसम्म सामाजिक विभेदबाट पीडित बन्दै आए लाई एक्काइसौं शताब्दीमा समेत भेदभावयुक्त व्यवहार गर्नु र घृणाको दृष्टिले हेर्नु मानवअधिकारलाई हाँस्यासपद बनाउनु बाहेक केही होइन । यौनिक

6 National Coalition for Gay and Lesbian Equality and another v Minister of Justice and others (CCT11/98) [1998] ZACC 15; 1999 (1) SA 6; 1998 (1) BCLR 1517 (9 October 1998) para 25.

तथा लैङ्गिक अल्पसंख्यकहरूलाई संरक्षण प्रदान गर्दा बहुसंख्यक समुदायले समस्या मान्नुपर्ने कुनै आधार छैन । किनकि राज्यले फरक यौनिक अभिमुखिकरण भएका र तेस्रो लिङ्गीहरूको संरक्षणमा लिइने कदमले बहुसंख्यक नागरिकहरूलाई केही घाटा नपुऱ्याउने पक्का छ । "उनीहरूले भयंकर ठूलो वैयक्तिक मुल्य चुकाएर रोजेको यौनिक तथा लैङ्गिक पहिचान अनुसार समाजमा स्वभिमानपुर्वक रहने कुरालाई समाजले पचाउने छ भन्ने कुरामा अदालत विश्वस्त छ"[7] भन्ने मानवअधिकार सम्बन्धी युरोपियन अदालतको भनाईले सोही कुरालाई पुष्टि गर्दछ । वहुलतालाई स्वीकार्न सक्ने समाजको नै भविष्य उज्वल हुने देखिन्छ । यस सम्बन्धमा दक्षिण अफ्रिकी अदालतको भनाई अति सान्दर्भिक देखिन्छ "... कसरी बहुलतालाई व्यवस्थित गर्दछौं भन्ने कुरामा नै एक राष्ट्रको रूपमा हाम्रो भविष्य भर पर्दछ । बहुलतालाई विगतमा दुस्कारियो, तर वर्तमानमा यो नै सहकार्यको महत्वपूर्ण श्रोत बन्नेछ" ।

# परिच्छेद - ५

## मानवअधिकारको उल्लंघनमा उपचार

मानवअधिकार हनन् भएमा प्राप्त गर्न सकिने उपचारलाई राष्ट्रिय स्तरको र अन्तर्राष्ट्रिय स्तरको गरी मोटा मोटी २ वर्गमा विभाजन गर्न सकिन्छ । यौनिक तथा लैङ्गिक अल्पसंख्यकका हकमा मानवअधिकारको उल्लंघन भएमा पनि यस विषयलाई लिएर कुनै विशिष्ट सन्धी पनि नभएको र त्यस अन्तर्गत कुनै विषगत समिति पनि नभएका कारण अन्य मानवअधिकार हनन् हुँदा अवलम्बन गरिने राष्ट्रिय एवं अन्तर्राष्ट्रिय उपचारका संयन्त्रहरू नै उपयोग गरिनु पर्ने देखिन्छ । अतः समग्र मानवअधिकार उल्लंघनमा अवलम्बन गरिने उपचार पद्धति र संयन्त्र नै यहाँ उल्लेख गरिन्छ ।

### क. अन्तर्राष्ट्रिय स्तरको उपचार

कानुनी दृष्टिकोणबाट मानवअधिकार भन्नाले ती अधिकारहरू हुन् जसलाई मानवअधिकार सम्बन्धी अन्तराष्ट्रिय कानुन (महासन्धि) हरूले मानवअधिकारहरू हुन् भनेर किटानी गरिदिएका छन् । ती अधिकारहरूलाई सन्धिका पक्ष राज्यहरूले संरक्षण नदिएमा वा उल्लंघन गरेमा मानवअधिकारको हनन्

7 Goodwin v. The United Kingdom (Application no. 28957/95) para 91

भएको ठहरिने छ । तर, सन्धिको पक्ष नभएका राज्यहरूबाट मानवअधिकारको उल्लंघन नहुने भन्ने चाहिँ होइन । सवाल के मात्र हो भने राज्य सन्धिको पक्ष नरहेको अवस्थामा भने सम्बन्धित सन्धिले त्यस्ता राज्यहरूमा भएका मानवअधिकारको उल्लंघनलाई रोक्न नसक्ने देखिन्छ । तर सन्धिको पक्ष नभएका राज्यहरूलाई पनि मानवअधिकारको उल्लङ्घन गर्ने छुट भने हुन्न । मानवअधिकारको संरक्षण गर्ने कस्ता संयन्त्रहरू स्थापित भएका छन् भन्ने जस्ता विषयमा यहाँ चर्चा गरिने छ ।

**संयुक्त राष्ट्रसंघीय स्तरमा मानवअधिकार संरक्षणका संयन्त्रहरु दुई प्रकारका रहेका छन्:**

कुनै पनि व्यक्तिको मानवअधिकार उल्लंघन हुँदा त्यसको उपचार गराउने कस्ता उपायहरू संयुक्त राष्ट्रसंघीय प्रणाली भित्र छ भन्ने कुरा यहाँ उल्लेख गर्न खोजिएको हो । यस सन्दर्भमा निम्न दुई प्रणाली स्थापित भएको देखिन्छ । पहिलो प्रणाली भनेको खास मानवअधिकार सन्धि स्थापना हुँदा सो सन्धिले नै प्रत्याभूत गरेका मानवअधिकारहरूको कुनै पक्ष राज्यले उल्लंघन गरेमा पीडितले ल्याएको सिकायतको छिनोफानो गर्ने अंगको रूपमा स्थापित गरिएको छ जसलाई सन्धिमा आधारित अंग (Treaty based Body – ट्रिटी बेस वडी) भनिन्छ, र अर्को भनेको संयुक्त राष्ट्रसंघको वडापत्र अनुसार स्थपित अंग जसलाई वडापत्रमा अधारित अंग (Charter based Body — चार्टर बेस वडी) भन्ने गरिन्छ ।

## १. सन्धिजनित अंग (Treaty based Body – ट्रिटी बेस वडी)

मानवअधिकारका मुख्य नौ वटा सन्धिहरूमध्ये पाँच वटा सन्धिहरूले व्यक्तिगत सिकायतहरू हेर्ने व्यवस्था समेत गरेको छ । यसका लागि ती सबैमा छुट्टाछुट्टै अनुगमन समितिहरू स्थापित गरिएका छन् । यसरी व्यक्तिले यी समितिहरू समक्ष मुद्दा लिएर जाने कार्यलाई व्यक्तिगत सिकायत सम्बन्धी कार्यविधि (Individual Complain Procedure) भनिन्छ । ती सन्धिहरू निम्न अनुसार रहेका छन्:

- नागरिक तथा राजनीतिक अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय अनुवन्ध ।
- यातना तथा क्रुर, अमानवीय वा अपमानजनक व्यवहार तथा सजाय विरूद्धको अभिसन्धि ।
- सबै किसिमका जातीय भेदभाव उन्मुलन गर्ने सम्बन्धी अन्तर्राष्ट्रिय महासन्धि ।
- महिला विरूद्ध हुने सबै प्रकारका भेदभावहरू उन्मुलन सम्बन्धी महासन्धी ।
- प्रवासी कामदारहरू तथा उनीहरूको परिवारका सदस्यहरूको अधिकारको संरक्षण सम्बन्धी अन्तर्राष्ट्रिय महासन्धि ।

व्यक्तिगत सिकायत सम्बन्धी कार्यविधिले सन्धिको कुनै खास पक्ष राज्यमा मानवअधिकर कार्यान्वयन भएको छ कि छैन भनि अनुगमन गर्ने गर्दछ । राज्यले आफ्नो मानवअधिकार हनन् गर्‍यो भन्ने कुनै पनि व्यक्तिको सिकायतलाई समेत यसले स्वीकार्दछ र त्यसको छानवीन गरी राज्यलाई सो सम्बन्धमा के गर्ने वा नगर्ने भनेर सिफारिशहरू समेत गर्दछ ।

**तर, व्यक्तिगत सिकायत सम्बन्धी कार्यविधिमा प्रवेश गर्नु अघि निम्न कुराहरु ध्यान दिनु पर्दछ :**

- राज्य त्यो सन्धिको पक्षराज्य हुनु पर्दछ र त्यतिले मात्रै हुँदैन उसले 'म व्यक्तिगत सिकायत सम्बन्धी कार्यविधिलाई स्वीकार गर्दछु' भनी अनुमोदन गरेको हुनु पर्दछ ।
- सिकायत सोही सम्बन्धित सन्धिले व्यवस्था गरेको धारासंग सम्बन्धित हुनु पर्दछ ।
- सम्बन्धित समितिमा सिकायत लिएर जानु अघि सम्बन्धित राज्यमा उपलब्ध उपचारका सबै उपायहरू अपनाई सकेको वा ती उपचारका उपायहरूलाई उपभोग गर्ने परिस्थिति नरहेको कुरा सुनिश्चित गर्नु पर्दछ ।

## २. वडापत्रमा अधारित अंग (Charter based Body – चार्टर वेस वडी)

मानवअधिकार सन्धिहरूमा मात्र सीमित नभई समग्र मानवअधिकारको अवस्थालाई रेखदेख गर्न चार्टर वेस वडीको स्थापना गरिएको हो । यसर्थ, यस प्रणाली अन्तर्गत यदि कुनै राज्य कुनै मानवअधिकार सम्बन्धी सन्धिको पक्ष रहेको छैन भने पनि उसको भू-भागमा भएको मानवअधिकारको उल्लंघनको छानविन गरिन्छ । यस अंगमा मानवअधिकार परिषद् (Human Rights Council) पर्दछ । मानव अधिकारको संरक्षण भनौं वा उपरचारका लागि यस अंग अन्तर्गत विशेष कार्यविधि (Special Procedure) स्थापना गरिएको छ । तर यहाँ स्पेसल प्रोसेड्युरको बारेमा कुरा गर्नु अघि मानवअधिकार परिषद्को बारेमा छोटो जानकारी दिइन्छ ।

### संयुक्तराष्ट्रसंघीय मानवअधिकार परिषद् (Human Rights Council)

सन् १९४५ मा संयुक्त राष्ट्रसंघको स्थापना भएपछि १९४६ सालमा संयुक्त राष्ट्रसंघीय बडापत्रको आधारमा संयुक्त राष्ट्रसंघको छ वटा मुख्य अंगहरू मध्येको एक आर्थिक तथा सामाजिक परिषद्द्वारा संयुक्तराष्ट्रसंघीय मानवअधिकार आयोग (United Nations Commission on Human Rights) को स्थापना गरिएको थियो । यस आयोगको मुख्य उद्देश्य भनेको मानवजातिको मौलिक हक तथा स्वतन्त्रताको रक्षा गर्ने अन्तराष्ट्रिय कानुनको संजाल संसारभरी फिजाउने रहेको थियो । छ दशक सम्मको अथक प्रयत्नको परिणाम स्वरूप मानवअधिकारको प्रचार प्रसार लगभग संसार भरी जस्तै भएपछि सो आयोग स्थापनाको उद्देश्य करिब पुरा भएको ठानियो । त्यसपछि मानव अधिकारको संरक्षणको पाटो सवल बनाउनु अझ शक्तिशाली निकायको आवश्यकता महसुस भयो । परिणामस्वरूप सन् २००६ मा ४७ राष्ट्रहरू सदस्य रहेको मानवअधिकार परिषद् (Human Rights Council) को स्थापना गरी त्यतिवेलासम्म अस्तित्वमा रहेको मानवअधिकार आयोगलाई प्रतिस्थापित गरियो । साथै, यसमा अर्को महत्वपूर्ण परिवर्तन भनेको पहिला आर्थिक तथा सामाजिक परिषद् (Economic and Social Council) अन्तर्गत रहेको "आयोग" लाई परिषद्को रूपमा महासभा (General Assembly) अन्तर्गत सारियो । यसरी मानवअधिकारको संरक्षणका लागि पुरानो ठाउँमा अझ शक्तिशाली नयाँ संयन्त्र मानवअधिकार परिषद्को स्थापना भएको देखिन्छ ।

## विशेष कार्यविधि (Special Procedure)

विशेष कार्यविधि कुनै मुलुक विशेषको मानवअधिकारको अवस्थाको रेखदेख गर्न वा मानवअधिकार संग सम्बन्धित कुनै विषय विशेष (Thematic Issues) को संसारभरीको अवस्थाका वारेमा उठेका सवालहरूलाई सम्वोधन गर्नका लागि स्थापना गरिएको विशेष संयन्त्र हो जो हाल मानवअधिकार परिषद्को मातहतमा रहेको छ । यी संयन्त्रहरूमा काम गर्न स्वतन्त्र विज्ञहरू (Independent Experts) व्यक्तिगत वा सामुहिक रूपमा छानिएका हुन्छन् । उनीहरूलाई जिम्मेवारीवाहकहरू (Mandate Holders) भनिन्छ । सम्बोधनका क्रममा मुलुक विशेषका लागि खटाइएका (Country Mandate Holders) लाई फलना मुलुकका लागि महासचिवको विशेष प्रतिनिधि (Special Representative of Secretary General) भनिन्छ भने विषय विशेषमा छानिएका विज्ञ (Thematic Mandate Holder) लाई स्पेसल रापोर्टर (Special Rapporteur) भनिन्छ । यसका अतिरिक्त अझ गम्भीर खालका विषयहरूसंग सम्बन्धित मामलाहरूलाई हेर्नका लागि कार्य समुह (Working Group) अथवा स्वतन्त्र विज्ञहरूको समुह बनाइएका हुन्छन् । यी म्यानडेट होल्डरहरूको काम भनेको मुलुक विशेषको म्यानडेट होल्डरले सो मुलुकमा भएको समग्र मानवअधिकारको अवस्थाका बारेमा र विषय विशेषको म्यानडेट होल्डरले संसारभरीको सो विषय संग सम्बन्धित मानवअधिकारको अवस्थाका वारेमा परिक्षण, रेखदेख, सुझाव तथा प्रतिवेदनहरू तयार पार्दछ । कसैको मानवअधिकारको गम्भीर उल्लंघन भएको, भइरहेको, हुने जोखिमी अवस्था विद्यमान रहेको भएमा यो संयन्त्रलाई उपयोग गरी कुनै पनि व्यक्ति वा संगठन मानवअधिकारको चार्टर वडी सम्म पुगी सिकायत गर्न सक्दछ र सम्बन्धित विषय वा मुलुकका जिम्मेवारी वाहक विज्ञले यसरी मानवअधिकारको उल्लंघनकर्ता राज्यको सरकारमा प्रत्यक्षरूपमा र तत्काल हस्तक्षेप (Urgent Action) गरी जरूरी अपिल (Urgent appeal) प्रशारण गरी सो कार्यलाई रोक्न लगाउन सक्नेछ ।

यस प्रकार कसैको मानवअधिकारको उल्लंघन भएको अवस्थामा यदि उसले आफ्नो मुलुकको न्यायिक निकायहरूबाट उपचार प्राप्त गर्न सकेन भने माथि उल्लेखित सर्तहरूको अधिनमा रही संयुक्त राष्ट्रसंघको उपरोक्त दुई प्रणालीहरूको माध्यमबाट मानवअधिकारको संरक्षण संयन्त्र सम्म पुगी उपचार प्राप्त गर्न सक्नेछ ।

## १५०३ को कार्यविधि

विशेष कार्यविधिको कुरा गर्दा यसैको अभिन्न पाटोको रूपमा रहेको १५०३ कार्यविधिलाई उल्लेख गर्नु सान्दर्भिक हुन आउँछ । मानवअधिकार आयोगले मानवअधिकारको गम्भीर उल्लंघन भएका मुलुकहरूको अवस्थालाई छानविन गर्न सकोस् भन्ने उद्देश्यले १९७० मा आर्थिक तथा सामाजिक परिषद्ले संकल्प प्रस्ताव नं १५०३ मार्फत विशेष कार्यविधिको स्थापना गरेको थियो । यसलाई संयुक्त राष्ट्रसंघीय प्रणाली अन्तर्गत 'सबै भन्दा पुरानो मानवअधिकारको उजुरी प्रणाली' भनेर चिनिने गरिएको छ । सुरूका दिनहरूमा यस संयन्त्र अन्तर्गत मानवअधिकार आयोगले व्यक्तिगत उजुरीहरूलाई नहेरी मुलुकको समग्र मानवअधिकारको अवस्थाको छानविन गर्दथ्यो । तर, पछि गएर यसलाई अझ प्रभावकारी बनाउने उद्देश्यले सन् २००० मा

मानवअधिकार उल्लंघन सम्बन्धी व्यक्तिगत उजुरीहरू पनि स्वीकार गर्ने गरी यसलाई संशोधन गरियो । अहिले विशेष कार्यविधि अन्तर्गत व्यक्तिगत उजुरीहरू गर्न पाइन्छ र सो कुराको व्यवस्था १५०३ मा भएको संशोधनले सम्भव बनाएको हो ।

अव १५०३ को कार्यविधि अन्तर्गत कस्ता खालका व्यक्तिगत उजुरीहरूको मार्फत मानवअधिकार परिषद्मा कसरी पुऱ्याउने हो भन्ने विषयमा छोटकरीमा बुझौं । खासगरी जुन विषयमा उजुरी दिन खोजिएको हो सो विषय मानवअधिकार परिषद्ले तोकेको जिम्मेवारी (Mandate) भित्र को विषयहरू (Thematic Issues) भित्र पर्नुपर्दछ । र, सो विषय भित्र पर्ने मानवअधिकार वा मौलिक स्वतन्त्रताको उल्लंघन लगातर वा प्रमाणिक किसिमले भएको हुनु पर्दछ । मानवअधिकार उल्लंघनका पीडित वनेका कुनै पनि व्यक्ति वा समुहले वा त्यस्तो उल्लंघनको घटना भएको थाहा पाउने कुनै पनि व्यक्ति वा समुह वा असल नियतले उनीहरूको पक्षमा काम गरिरहेका कुनैपनि गैरसरकारी संस्थाले समेत पीडितको तर्फबाट उजुरी दिन सक्दछ । उजुरीमा सम्पूर्ण विवरणहरू प्रष्ट हुन पर्दछ । वेनामी उजुरीमा कुनै कारवाही हुँदैन । उजुरीलाई सामान्य पत्र, इ–मेल, अथवा फ्याक्स मार्फत मानवअधिकार सम्बन्धी संयुक्तराष्ट्रसंघीय उच्च आयुक्तको कार्यालयमा पठाउनु पर्दछ ।

यसरी उजुरी प्राप्त गरिसकेपछि उजुरीहरूको छानविन गर्ने विज्ञहरूको समुहहरू (Working group on Communications/on Situations) ले अवस्था हेरी या त सम्बन्धित सरकारलाई यस्तो मानवअधिकारको उल्लंघनको घटना भइ रहेको हुनाले तत्काल रोक्नका लागि कदम चाल्नु भनी आह्वान (Urgent appeal) गर्दछ, या त आरोप पत्र (Letter of allegation) तयार गरी सम्बन्धित मुलुकको सरकारलाई यस सम्बन्धमा छानविन गरी के हो जानकारी गराउन आह्वान गर्दछ र चित्त नवुझे यो क्रमलाई दोहोऱ्याउन सक्तछ । साथै, सरकार तथा पीडितहरूलाई संगै राखेर छलफल वहस समेत गराउन सक्तछ । अन्तमाः यस सम्बन्धमा मानवअधिकार परिषद्ले वर्किङ ग्रुपहरूको सुझावहरूलाई समेत ध्यानमा राखि हरेक खालका परिस्थिति उपर निर्णय दिने गर्दछ ।

## ख. मानवअधिकार उल्लंघनका घटनाहरूलाई राष्ट्रिय स्तरमा उपचार

कुनै पनि राष्ट्रभित्र अन्तर्राष्ट्रिय तथा क्षेत्रिय मानवअधिकार सम्बन्धी कानुनको व्यवहारिक कार्यान्वयनका लागि राष्ट्रले संबैधानिक, प्रशासनिक तथा नीतिगत तहमा आवश्यक कानुन तर्जुमा गर्नु पर्दछ । मानवअधिकारको उल्लंघन भएमा अन्तर्राष्ट्रिय तथा क्षेत्रिय कानुनमा स्थापित मापदण्ड अनुरूप कानुनी उपचारका सबै उपायहरूको व्यवस्था गर्नु पर्दछ । यसरी अन्तर्राष्ट्रिय कानुनलाई देशको संविधान तथा अन्य कानुनहरूमा समावेश गर्न वा ती कानुनहरूको आधारमा नयाँ कानुनहरूको निर्माण गरी मानवअधिकार सम्बन्धी उल्लंघनका घटनाहरूमा उपचार दिलाउन सकिन्छ । नेपालमा यसरी मानवअधिकारको उल्लंघनका घटनाहरू विरूद्ध राष्ट्रिय मानवअधिकार आयोग, प्रहरीको मानवअधिकार सेल, नेपाली सेनाको मानवअधिकार सेल, संयुक्त राष्ट्र सघीय मानवअधिकार उच्च आयुक्तको नेपाल स्थित कार्यालय (OHCHR Nepal) मा उजुरी लैजान सकिन्छ ।

## राष्ट्रिय मानवअधिकार आयोगमा उजुरी कसरी दिने ?

कुनै पनि व्यक्तिको मानवअधिकार उल्लंघन भएमा उजुरी गर्ने व्यक्ति आफै उपस्थित भई वा पीडितको तर्फबाट कसैले लिखित वा मौखिक उजुरी गर्न सकिन्छ । यसरी मानवअधिकार उल्लंघन विरूद्धका उजुरी दिंदा लिखित वा मौखिक निवेदन मार्फत, टेलीफोन मार्फत, हुलाक, फ्याक्स, इमेल, टेलिग्राम मार्फत उजुरी दिन सकिन्छ । यसरी उजुरी गर्दा उजुरी गर्ने व्यक्तिको नाम, थर, ठेगाना, कुनै संस्थाको तर्फबाट उजुरी परेको भए सो संस्थाको विवरण, उजुरीको विषय, उजुरी गर्न पर्ने कारण, उजुरीको संक्षिप्त व्यहोरा, उजुरीलाई समर्थन वा पुष्टि गर्ने प्रमाण, उजुरीकर्ताले माग गरेको विवरण, उजुरीको विषयमा अन्यत्रै कतै उजुरी गरेको भए सोको विवरण समेत खुलाएर उजुरी गर्नु पर्दछ ।

कुनै व्यक्ति वा समुहको मानवअधिकार उल्लंघनको उजुरी प्राप्त भएपछि आयोगले त्यसको छानवीन गर्दछ र अनुसन्धान गरी दोषी उपर कारवाही गर्न सिफारिस गर्दछ । मानवअधिकार उल्लंघन हुनबाट रोक्ने जिम्मेवारी वा कर्तव्य भएका पदाधिकारीले आफ्नो जिम्मेवारी पुरा नगरे वा कर्तव्य पालनामा उदासिनता देखाएमा त्यस्तो पदाधिकारीलाई कार्वाहीका लागि लेखि पठाउँदछ । मानवअधिकार उल्लंघन गर्ने व्यक्ति विरूद्ध मुद्दा चलाउनु पर्ने देखिएमा अदालतमा मुद्दा दायर गर्न सिफारिस गर्दछ । मानवअधिकार उल्लंघनका सम्बन्धमा राष्ट्रिय मानवअधिकार आयोगले गरेको सिफारिस वा निर्देशन पालन वा कार्यान्वयन नगर्ने पदाधिकारी, व्यक्ति वा निकायको नाम कानुन बमोजिम सार्वजनिक गरी मानवअधिकार उल्लंघनकर्ताको रूपमा अभिलेख राख्दछ ।

राष्ट्रिय मानवअधिकार आयोगमा विचाराधिन रहेको कुनै पनि उजुरीका सम्बन्धमा सम्बन्धित पक्षहरूले मिलापत्र गरी पाउन संयुक्त निवेदन गरेमा मिलापत्र पनि हुन सक्तछ । पक्षहरू बीच मिलापत्र भएमा आयोगमा परेको उजुरीको कार्वाही अन्त्य हुन सक्तछ ।

# राष्ट्रिय मानव अधिकार आयोग
# (उजुरी कारवाही तथा क्षतिपूर्ति निर्धारण) नियमावली २०५७
## अनुसूचीः १ उजुरीको ढांचा
## उजुरी फाराम
(गोप्य)

**१. पीडितको विवरण**

(क) नाम :

(ख) बुवाको नाम :

(ग) आमाको नाम :

(घ) ठेगाना/स्थायी ठेगाना :

टेलिफोन नं. : ई–मेल :

हालको ठेगाना :

टेलिफोन नं. : ई–मेल :

(ङ) लिङ्ग : पुरूष महिला अन्य

(च) वैवाहिक स्थिति : विवाहित अविवाहित सम्बन्ध विच्छेद भएको विधवा विधुर

(छ) राष्ट्रियता : (ज) उमेर : (झ) पेशा :

(ञ) जाति : (ट) बोलीचालीको भाषा :

(ठ) धर्म : (ड) शिक्षा :

(ढ) अपाङ्गता : छ छैन
(यदि छ भने खुलाउनुहोस्)

(ण) संगठनको सदस्यता : (ऐच्छिक)

**२. उजुरीकर्ताको विवरण (यदि उजुरीकर्ता पीडित होइन भने)**

(क) नाम/संगठन :

(ख) पूरा ठेगाना :

(ग) टेलिफोन : ई-मेल :

(घ) पीडितसंगको नाता/सम्बन्ध : बोलीचालीको भाषा :

**३. आरोपित पीडकको विवरण (यदि तपाई चिन्नुहुन्छ भने)**

(क) आरोपित पीडकको नाम :

(ख) संगठन/कार्यालय :

(ग) पद/दर्जा :

(घ) सम्पर्क ठेगाना :

(ङ) टेलिफोन नं. : ई-मेल :

(च) यदि पीडकलाई चिन्नुहुन्न भने पीडकको पहिचानका चिन्ह तथा विवरणहरु (जस्तोः लुगा, हुलिया, हतियारको प्रकार आदि) खुलाउनुहोस् ।

**४. उजुरीको विस्तृत विवरण**

(क) घटनाको मिति र समय : (ख) घटना भएको स्थान :

(ग) कृपया के कसरी घटना घट्यो र सो घटनाले कस्तो असर पार्‍यो विस्तृत रूपमा लेख्नुहोस् । (तपाईको विवरण यसमा नअटाए पाना थप्न सक्नुहुनेछ) ।

(घ) के उक्त घटनाबाट तपाईं विस्थापित हनु भएको छ ?

(ङ) के तपाईले उक्त घटनाको सम्बन्धमा कुनै निकाय/संगठन, अदालत, प्रहरी, शसस्त्र प्रहरी बल, नेपाल सरकार, रेडक्रस, गैर सरकारी संस्था आदिमा उजुरी गर्नु भएको छ ?

(यदि छ भने, कहाँ उजुरी गर्नुभएको छ र सो सम्बन्धमा के भइरहेको छ उल्लेख गर्नुहोला ।)

**५. अन्य उजुरीसंग सम्बद्ध प्रमाणहरू**

(क) के यो घटनाका कुनै साक्षी छन् ?

(कृपया एकभन्दा बढी साक्षी भएमा पाना थप्नुहोस्)

साक्षीको नाम :

ठेगाना : टेलिफोन नं. :

कस्तो किसिमको सम्भावित सूचना साक्षीले दिनसक्छ ? खुलाउनुहोस् ।

(ख) उजुरीलाई सहयोग पुऱ्याउने कागजात वा दसी प्रमाण यदि छन् भने के के छन् ?

१. २.

३. ४.

(ग) कुन कुन प्रमाणहरु उजुरीसँगै राखिएका छन् खुलाउनुहोस् ।

१. २.

३. ४.

**६. माग गरिएको उपचार**

(क) तपाई आयोग संग कस्तो किसिमको उपचारको माग गर्नुहुन्छ ?

७. हस्ताक्षर (मलाई थाहा भएसम्म यसमा लेखिएको व्यहोरा ठीक, साँचो हो ।)

हस्ताक्षर :

नाम : मिति :

## फाराम बुझाउने ठेगाना

# राष्ट्रिय मानव अधिकार आयोग

### ठेगाना

काठमाडौ : हरिहरभवन, पूलचोक, ललितपुर, वागमती अञ्चल, नेपाल
पोष्ट बक्स नं. ९१८२, काठमाडौं, नेपाल
फोनः ०१-५०१००१५ (हन्टीङ) फ्याक्सः ९७७-०१-५५४७९७३
इमेलः nhrc@nhrcnepal.org

विराटनगर : पुर्वाञ्चल क्षेत्रिय कार्यालय, बरगाछी, विराटनगर, मोरङ्ग, कोशी अञ्चल, नेपाल
फोनः ०२१-५३७९३१, ५३७९३२, फ्याक्सः ९७७-२१-५२७९३३
इमेलः nhrcbrt@nhrcnepal.org

पोखरा : पश्चिमाञ्चल क्षेत्रिय कार्यालय, बैदाम, पोखरा, कास्की, गण्डकी अञ्चल, नेपाल
फोनः ०६१-५५१८११, ५५१८२२ फ्याक्सः ९७७-६१-५४२०४२
इमेलः nhrcpkr@nhrcnepal.org

नेपालगंज : मध्यपश्चिमाञ्चल क्षेत्रिय कार्यालय, बाँकेगाउँ, नेपालगंज, बाँके, भेरी अञ्चल, नेपाल
फोनः ०८१-५२६७०७, ५२६७०८, फ्याक्सः ९७७-८१-५२६७०६
इमेलः nhrcnpj@nhrcnepal.org

धनगढी : सुदुरपश्चिमाञ्चल क्षेत्रिय कार्यालय, रातोपुल, धनगढी, कैलाली, सेती अञ्चल, नेपाल
फोनः ०९१-५२५६२१, ५२५६२२, फ्याक्सः ९७७-९१-५२५६२३
इमेलः nhrcdhn@nhrcnepal.org

### सम्पर्क कार्यालयहरु

खोटाङको दिक्तेल : फोनः ०३६-४२०२८४, धनुषाको जनकपुर फोनः ०४१-५२७२५०

रूपन्देहीको बुटवल : फोनः ०७१-५४६९११, जुम्लाको खलङ्गा, रोल्पाको लिवाङ्ग
वेबसाइट : www.nhrcnepal.org

### महत्वपूर्ण जानकारीहरु

- यस फारामका सबै प्रश्नहरूको विवरण उल्लेख गर्नु भएको छ, छैन कृपया जाँच गर्नुहोस् ।
- कृपया यो फारामसँग सम्बद्ध प्रमाणहरु राखिएका छन् छैनन् सुनिश्चित गर्नुहोस् ।

- कृपया घटनासंग सम्बद्ध नयाँ सूचना पाउनु भएमा राष्ट्रिय मानव अधिकार आयोगमा सम्पर्क गर्नुहोला ।
- कृपया यदि तपाईको ठेगाना परिवर्तन भएको छ भने राष्ट्रिय मानव अधिकार आयोगलाई सूचित गर्नुहोस् ।
- उजुरी दर्ता नम्बर लिनुहोस् र सुरक्षितसाथ राख्नुहोस् ।

**प्रहरी प्रधान कार्यालय**
मानव अधिकार इकाई
नक्साल, काठमाडौ
फोन नं ४४११६१८, फ्याक्स नं ४४१५५९३
पोष्ट बक्स नं ४०७, काठमाडौ
इमेल : hrcell@nepalpolice.gov.np

**मानवअधिकार उच्चायुक्तको कार्यालय, केन्द्रिय कार्यालय**
म्युजियम रोड, छाउनी, पोष्ट बक्स नं २४५५५
फोन नं ४२८०१६४, ४२८०३२६
फ्याक्स नं ४६७०७७२, ४६७०७१३
इमेलः registry.np@ohchr.org

**मानवअधिकार उच्चायुक्तको कार्यालय, जनकपुर**
क्याम्पस चोक, जनकपुर-२, धनुषा
फोन नं ०४१-५२७५५१
फ्याक्स नं ०४१-५२७५५०
इमेलः registry.ktm.np@ohchr.org

**मानवअधिकार उच्चायुक्तको कार्यालय, विराटनगर**
विनायक रोड, तीनतोलिया-१४, ब्लक नं १८,
फोन नं ०२१-५३४१२४, ५३४१२५
फ्याक्स नं ०२१-५३४१२६
इमेलः registry.btn.np@ohchr.org

**मानवअधिकार उच्चायुक्तको कार्यालय, नेपालगञ्ज**
कौशल्यमार्ग वार्ड १६
फोन नं ०८१-५२१९८९, ५२४३३६, ५२३९२८, ५२३९३०
फ्याक्स नं ०८१-५२४३३७
इमेलः registry.npj.np@ohchr.org

**मानवअधिकार उच्चायुक्तको कार्यालय, धनगढी**
हसनपुर-५, धनगढी नगरपालिका, कैलाली
फोन नं ०९१-५२१६२१, ५२३५०३
इमेलः registry.dgd.np@ohchr.org

**नेपाली सेना**
मानव अधिकार ईकाइ
फोन नं ४२४५०२०

**नील हिरा समाज**
**केन्द्रिय कार्यालय**
मानवअधिकार विभाग
शिवभक्तिमार्ग-३४४, खुर्सानीटार, लाजिम्पाट-२ काठमाडौ
फोनः ४४४३३५०, ४४४५१४७
फ्याक्सः ४४३८६००
इमेलः bluediamondsociety@yahoo.com, bds.humanrights@gmail.com

यी लगायत आफ्नो नजिकका मानवअधिकारवादी कार्यालयहरूमा पनि उजुरी गर्न सकिन्छ ।

# परिच्छेद - ६

## सर्वोच्च अदालतको २०६४ साल पौष ६ गतेको निर्देशनात्मक आदेश (फैसला)

यौनिक तथा लैङ्गिक अल्पसंख्यक समुदायहरूको क्षेत्रमा कार्यरत नीलहिरा समाजका कार्यकारी निर्देशक **सुनील बाबु पन्त**, मितिनी नेपालका उपाध्यक्ष **मीना नेपाली**, क्रुस एड्स नेपालका अध्यक्ष **संजिव गुरुङ्ग**, परिचय समाज नेपालका कार्यकारी निर्देशक **मनोरञ्जन कुमार वैद्य** समेत चार जनाले नेपाल सरकार प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय सिंहदरवार, व्यवस्थापिका संसद सिंहदरवार काठमाडौं, नेपाल सरकार कानून न्याय तथा संसदीय व्यवस्था मन्त्रालय सिंहदरवार समेतलाई बिपक्षी बनाई हामी निवेदकहरू यौन अभिमुखीकरण तथा लैङ्गिक पहिचानमा आधारित अल्पसंख्यक व्यक्तिहरूको प्रतिनिधित्व गरेका संस्थाहरूसंग आवद्ध छौं । हामीलाई विद्यमान समाज, कानुन र राज्यको संयन्त्रले दिनु पर्ने स्थान दिएको छैन । हामी बहुमतमा आधारित राज्य तथा समाजले अपनाउँदै आएको संरचना तथा कानुनको ढाँचा तथा मान्यतासंग असहमति जाहेर गरी हाम्रा हक अधिकारका लागि पनि उत्तिकै स्थान दिनु पर्ने भनी माग राखिआएका छौं । यही कारणले बिभिन्न किसिमका शारीरिक तथा मानसिक यातना भोगेका प्रशस्त उदाहरणहरू हामीसंग छन् । हामी चार जना निवेदकहरूले कम्तीमा ६० हजार व्यक्तिको प्रतिनिधित्व गरेका छौं । यौन अभिमुखीकरण तथा लैङ्गिक पहिचान अन्तर्गतका अल्पसंख्यकमा महिला समलिङ्गी, पुरूष समलिङ्गी तथा तेस्रो लिङ्गी लगायतका व्यक्तिहरू पर्दछन् । यी व्यक्तिहरू आफूले आफैलाई तेस्रो प्रकृतिका व्यक्ति भनेर चिनाउने गर्दछन् । अन्तर्राष्ट्रिय चलन चल्तीको भाषा अनुसार तेस्रो लिङ्गी र समलिङ्गी भनेर चिनिने पनि गरिन्छ । हामी यसमा पाँच वर्गमा विभाजित भएका छौं । जसलाई महिला समलिङ्गी, पुरूष समलिङ्गी, द्विलिङ्गी, तेस्रो लिङ्गी र अन्तर लिङ्गी भनेर चिनिन्छ । यस्ता पहिचानहरू कपोल कल्पित नभइकन वैज्ञानिक ढंगले प्रमाणित तथ्यहरू हुन् । यस्ता प्रकृतिका मानिसहरूको जन्म र अस्तित्वका वारेमा विश्व स्वास्थ्य संगठनको एक प्रतिवेदनमा समेत उल्लेख छ । उक्त प्रतिवेदनमा यस किसिमका मानिसहरूको प्रकृतिलाई पुष्टि गर्दै यो कुनै रोग नभईकन सामान्य प्रकृति नै हो भनिएको छ । उल्लिखित सबै खालका व्यक्तिहरूको जन्म प्राकृतिक रूपमा भएपनि यसलाई अप्राकृतिक नाम दिएर वर्तमान समाजले हाम्रो अस्तित्व माथि जबरजस्ती शंका गर्दछ । हामी घर परिवार तथा समाजबाटै बहिष्कृत भएका छौं । हाम्रा लागि राज्यले समेत कुनै व्यवस्था गरेको छैन । सामाजिक बहिस्कारको यो चरम घडीमा हामी कम्तीमा कानुनबाट सुरक्षित हुनु पर्नेमा कानुन पनि यस विषयमा गम्भीर भएको देखिंदैन । हाम्रो समस्याका लागि भनेर कुनै कानुन राज्यले बनाउन पहल पनि गरेको छैन । यस विषयमा राज्यले पर्याप्त कानुनको निर्माण गरी सबै खाले नागरिकलाई समानताको हैसियत प्रदान गर्नु पर्दछ । नेपालको संवैधानिक व्यवस्था र तिनले प्रदान गरेका अधिकारहरूमा सबै नेपालीको समान हैसियत रहने कुरामा कुनै शंका छैन । संविधान तथा कानुन, अन्तर्राष्ट्रिय कानुन, प्रत्येक मानिसको बाँच्न पाउने अधिकारको सम्बन्धमा सम्मानित

सर्वोच्च अदालत तथा मानवअधिकार सम्बन्धी संयुक्त राष्ट्रसंघले स्थापित गरेका नजीर, सिद्धान्त र मान्यता समेतका आधारमा हामी यौन अभिमुखीकरण तथा लैङ्गिक पहिचानका अल्पसंख्यक व्यक्तिहरूको कानुनी तथा नीतिगत संरक्षण गरी निजहरूलाई संविधान तथा अन्तर्राष्ट्रिय मानव अधिकार कानुन प्रदत्त हक तथा अधिकारहरू उपभोग गर्न नपाई उपेक्षित र तल्लो श्रेणीको व्यक्ति जस्तो भएर बस्नु पर्ने बाध्यताबाट मुक्त गरी कानुनी हक अधिकारको संरक्षण तथा प्राप्तिका लागि अविलम्ब व्यवस्था गरी दिनु भनी विपक्षीहरूको नाउँमा परमादेश लगायत जो चाहिने आज्ञा आदेश वा पूर्जी जारी गरी पाउँ । साथै नागरिकता प्रदान गर्न र अन्य भेदभावजन्य कानुनको खारेज गरी समानतामा आधारित कानुनको निर्माण गर्न र यसरी भेदभाव तथा हिंसा पीडित व्यक्तिहरूको हक अधिकारको संरक्षणका लागि तत्काल सम्बन्धित व्यक्तिहरूको समेत उचित सहभागितामा आवश्यक अन्य कानुन तर्जुमा गरी समानुपातिक तथा आवश्यक संरक्षणको समेत व्यवस्था गर्न कानुनी तथा अन्य संस्थागत संरचना बनाई यथाशक्य छिटो मौलिक मानव अधिकारको संरक्षण गर्नु र राज्यका कुनै पनि अंगले भेदभाव तथा हिंसामा संलग्न नहुनु र भएमा विशेष क्षतिपूर्तिको व्यवस्था समेत गरिदिनु भन्ने समेतको आदेश जारी गरी पाउँ । कानुन नबनुन्जेलसम्मका तदर्थ व्यवस्था समेतको लागि सम्मानित सर्वोच्च अदालतमा उत्प्रेषण, परमादेश, प्रतिषेध लगायत जो चाहिने आज्ञा आदेश वा पुर्जी जारी गरी पाउँ भन्ने रिट निवेदन ।

## सम्मानित सर्वोच्च अदालतबाट पहिचान गरी निर्णय गरिएका विषय बस्तुहरू

(क) **लैङ्गिक पहिचान** (Gender Identity) **एवम् यौनिक अभिमुखीकरण** (Sexual Orientation) **का आधारमा अल्पसंख्यकको रुपमा रहेका समलिङ्गी वा तेस्रो लिङ्गीको अधिकारको विषयमा परेको रिट निवेदन सार्वजनिक सरोकारको विषय भित्र पर्छ कि पर्दैन** ?

प्रस्तुत निवेदन नीलहिरा समाजको तर्फबाट उक्त संस्थाका कार्यकारी निर्देशकसमेतबाट पर्न आएको देखिन्छ । सार्वजनिक सरोकारको बिवादमा समावेश भएको संवैधानिक तथा कानूनी प्रश्न निरोपण गर्न जो सुकैले निवेदन गर्न पाउने बर्तमान संविधानको धारा १०७ (२) अनुसार ब्यबस्था भएकोले LGBTI को हकहित संरक्षण गर्न स्थापित संस्थाहरूको प्रस्तुत रिट निवेदन दिने हकदैया पुग्ने देखिन्छ ।

(ख) **समलिङ्गी वा तेस्रो लिङ्गी व्यक्तिहरुको पहिचानको आधार के हो ? यो व्यक्तिको मनोवृत्तिका कारण हुन्छ वा प्राकृतिक रुपमा नै यस्तो विशेषता कायम भएको हो** ?

व्यक्तिको यौन अंग अनुसार देखा पर्ने भिन्नतालाई लिङ्ग (Sex) र लिङ्गको आधारमा समाजले निर्धारण गरेको सामाजिक भूमिकालाई लैङ्गिकता (Gender) भनी परिभाषित गर्ने गरिएको छ । लैङ्गिक पहिचानको दृष्टिकोणबाट मूलधार (Mainstream) को रूपमा रहेका महिला र पुरुष भन्दा अलग तेस्रो लिङ्गी (Third Gender) पहिचान भएका व्यक्तिहरू समेत समाजमा अल्पसंख्यक रूपमा रहेका हुन्छन् । LGBTI व्यक्तिहरू प्राकृतिक रूप (Natural process) बाट विकास भएका हुन् ।

(ग) **समलिङ्गी यौन अभिमुखीकरण भएका एवम् तेस्रो लिङ्गी लैङ्गीय पहिचान भएका नागरिक प्रति राज्यले भेदभावपूर्ण व्यवहार गरेको छ छैन ?**

मानवअधिकारप्रति समर्पित आजको लोककल्याणकारी राज्यले प्रत्येक नागरिकको बाँच्न पाउने अधिकार (Right to Life) को रक्षा गर्नु पर्छ भन्ने मान्यता राख्ने हो भने त्यस्तो पुरानो धारणाको कुनै मूल्य रहदैन । भारत, अमेरिका, ब्राजिल, मेक्सिको, बेलायत, स्पेन, बेल्जियम, निदरल्याण्ड, कोलम्बिया आदि राष्ट्रहरूमा तेश्रो लिङ्गी (Third Gender) को पहिचान र समलिङ्गी बिवाह (Same Sex Marriage) लाई legalize / destigmatize गर्ने माग भई यस सम्वन्धमा आवाज उठिरहेका छन् । हाम्रो छिमेकी मुलुक भारतको अभ्यास हेर्ने हो भने त्यहाँ पनि हजारौं संख्यामा हिजरा (Hijras) र कोथीहरू (Kothis) रहेको भन्ने देखिन्छ । समलिङ्गी वा तेस्रो लिङ्गी हुनु आफैमा कुनै रोग होइन । हामी कहाँ समलिङ्गी बिवाहलाई अप्राकृतिक मैथुन मानी अपराधीकरण (Criminalization) गरिएको छ । तर आजको विश्वमा प्रत्येक व्यक्तिका आ–आफ्ना रोजाई (Choice) र यौनिक प्राथमिकताहरू (Sexual Preferences) अप्राकृतिक मैथुन नहुन सक्छन् । तसर्थ हामीले पनि अप्राकृतिक मैथुनको परिभाषामा संशोधन गरी समलिङ्गी बिवाहलाई decriminalize / destigmatize गर्ने तर्फ पनि सोच्ने बेला आएको छ ।

जन्मदा एउटा लिङ्गीमा जन्मेको भए पनि जैविक (Biological) र प्राकृतिक (Natural) प्रकृया अनुसार जन्मदा भन्दा अर्को लिङ्गीमा विकास भई जन्मदाको भन्दा फरक लिङ्गीमा लैङ्गिक स्वरूप परिवर्तन हुन सक्छन् । यस्तो परिवर्तन हुदैमा तिनीहरू मानव जाति वा नागरिक नै नहुने होइनन् । परम्परागत समाजमा लिङ्गका आधारमा महिला र पुरूष दुई लिङ्गले मात्र मान्यता पाइ आएको भन्नेमा बिवाद भएन । मानव (human being) र Sex तथा Gender फरक फरक कुरा हुन् । संविधानको भाग ३ मा भएका मौलिक हकहरू राज्यका बिरूद्ध नागरिकहरूलाई प्राप्त हुने कार्यान्वयनयोग्य मौलिक मानवअधिकारहरू (Enforceable Fundamental Human Rights) हुन् । यही कारणले गर्दा भाग ३ का मौलिक हकहरू Human Being भएको कारण तेस्रो लिङ्गीलाई पनि समान रूपले प्राप्त हुने हक हो । महिला पुरूष जस्तै तेश्रो लिङ्गी वा समलिङ्गी पनि मानिस नै हुन् । महिला र पुरूष बाहेकका तेश्रो लिङ्गी वा समलिङ्गी सबै मानव हुनुका साथसाथै यो देशको नागरिकहरू पनि हुन् ।

(घ) **रिट निवेदकहरुको माग बमोजिम आदेश जारी गर्नु पर्ने हो होइन ?**

कानुनको अगाडि व्यक्तिको रूपमा मान्यता प्राप्त भएपछि अरू कुनै कारणले व्यक्तिका मौलिक मानव अधिकार उपभोगमा संकुचन हुन सक्दैन । स्वतन्त्र सहमतिबाट विवाह गर्ने, परिवार आरम्भ गर्ने, गोपनियतामा हस्तक्षेप नगरिने, जाति, वर्ण, भाषा, धर्म, राजनीतिक वा अन्य विचार, राष्ट्रिय वा सामाजिक उत्पति, जन्म वा अन्य हैसियतका आधारमा कुनै प्रकारको भेदभाव नगरिने भनी प्रत्याभूत गरेका अधिकारको समानरूपमा उपभोग गर्न पाउने हक LGBTI हरू लाई पनि स्वभाविक रूपमा प्राप्त छ । प्रत्येक नेपाली नागरिक एवं व्यक्तिहरूलाई नेपालको अन्तरिम संविधान, २०६३ को भाग ३ को धारा १२ देखि धारा ३२

सम्मको सबै मौलिक हकहरू प्रदान भएको छ । निवेदकहरू अल्पसंख्यक भएपनि नेपाली नागरिक भएको कारण आफ्नै पहिचानमा ती हकहरू उपभोग गर्न पाउने उनीहरूको मौलिक अधिकार हो । संविधानमा महिला र पुरूष दुई लिङ्ग मात्र उल्लेख हुँदैमा संविधानका मौलिक हकहरू वा अन्य कानूनी हकहरू वा नेपालले हस्ताक्षर गरेको मानवअधिकार सम्बन्धी विभिन्न महासन्धि वा मानवअधिकारहरू महिला र पुरूषले मात्र उपभोग गर्न पाउँछन् भन्ने अर्थ गर्न मिल्दैन । महिला र पुरूष वाहेकका तेश्रो प्रकारको लैङ्गिक पहिचान र यौनिक अभिमुखीकरण भएको व्यक्ति पनि नेपाली नागरिक एवम् प्राकृतिक व्यक्ति भएको कारण उनीहरूले पनि आफ्नै पहिचानमा संविधान, कानुन र मानवअधिकार सम्बन्धी सन्धि महासन्धिहरूले दिएका सम्पूर्ण हकहरू उपभोग गर्न पाउनुपर्छ । त्यस्तो हकको उपभोग गर्न पाउने वातावरण श्रृजना गर्ने र सो अनुसारको कानुनी व्यवस्था गर्ने दायित्व राज्यको हो । फरक लैङ्गिक पहिचान र यौन अभिमुखीकरण भएको कारण ती हकहरू उपभोग गर्न नपाउने वा महिला वा पुरूष भएमात्र ती हकहरू उपभोग गर्न पाउने भन्ने अर्थ गर्न मिल्दैन ।

समानता सम्बन्धी उल्लेखित संवैधानिक प्रावधानले सबै नागरिक कानुनको दृष्टिमा समान हुने र समान संरक्षण पाउने, कानुनको प्रयोगमा भेदभाव नगरिने तथा राज्यले कुनै आधारमा पनि भेदभाव नगर्ने तथा सामाजिक सुरक्षामा समेत भेदभाव नगरिने प्रत्याभूति गरिएको छ । कुनै पनि व्यक्तिको लैङ्गिक पहिचान उसको जैविक लिङ्गका आधारमा मात्र नभई उसको स्वभाव, चरित्र र अवधारणाले समेत निर्धारण गर्ने गर्दछ भन्ने मान्यता अव स्थापित भैसकेको छ । सामान्यतया प्राकृतिक र जैविक आधारमा जन्ममा पुरूष वा महिला जे भए पनि शारीरिक विकासक्रम संगैं उनीहरूको स्वभाव उनीहरूको पहिचान अनुरुप नै या त Masculine of Faminine प्रकारको हुदै जान्छ । तर सबै मानिसहरूलाई एउटै सिद्धान्तबाट हेर्न सकिंदैन । केही व्यक्तिहरूमा भने जन्मदाको लिङ्ग विपरीतको स्वभाव, आचरण एवं व्यवहार हुन जान्छ । जुन प्राकृतिक रूपमा नै हुने गर्दछ । तर यस्तो परिवर्तित लैङ्गिक पहिचानको आधारमा उनीहरूले पेशा व्यवसाय लगायत वैवाहिक सम्बन्ध समेत कायम गर्न सक्ने अवस्था हाम्रो वर्तमान कानूनमा रहे भएको देखिंदैन । आफ्नै पहिचान कायम राखी मौलिक हक र स्वतन्त्रताको उपभोग गर्न नपाउने कानुनलाई भेदभावकारी कानून मान्नु पर्छ । यसर्थ सरकारले यस सम्बन्धमा आवश्यक अध्ययन गरी फरक लैङ्गिक पहिचान र यौन अभिमुखीकरण भएका व्यक्तिहरूले समेत अरू सरह नै विना भेदभाव आफ्नो अधिकार उपभोग गर्न पाउने गरी उपयुक्त कानून बनाउनु वा भैरहेको कानून संशोधन गरी आवश्यक प्रबन्ध गर्नु भनी नेपाल सरकारको नाउँमा निर्देशनात्मक आदेश जारी हुन्छ ।

त्यसैगरी हाम्रो संविधानको भाग ३ को मौलिक हक तथा भाग ४ को राज्यको निर्देशक सिद्धान्त र नीतिमा महिला, बालबालिका, बृद्ध, अपाङ्ग, आदिवासी, दलित आदि जस्ता उत्पीडित, उपेक्षित वर्गको उत्थानका लागि राज्यले कानुनद्वारा विशेष व्यवस्था गर्नु पर्ने देखिन्छ । सो व्यवस्थामा लिङ्ग नभनी पुरूष र महिला भनी उल्लेख भएको हुँदा यस विषयमा हामी सबैको ध्यान आकर्षित हुनु जरूरी छ । संविधानमा महिला र पुरूष भन्ने उल्लेख नभई लिङ्ग भन्ने शव्द मात्र उल्लेख भएमा यसले महिला पुरूष लगायत तेस्रो लिङ्गीलाई समेत समेट्न सक्ने देखिन्छ । लिङ्ग भन्नाले महिला, पुरूष वाहेक तेश्रो लिङ्गीलाई समेत समेट्ने भएकोले

संविधान सभाद्वारा अब बन्ने नयाँ संविधानमा व्यक्तिलाई हक प्रदान गर्दा दक्षिण अफ्रिकाको संविधानको Bill of Right को जस्तो महिला र पुरूषको अतिरिक्त Gender Indentity र Sexual Orientation का आधारमा समेत भेदभाव गर्न नपाउने खालको स्पष्ट व्यवस्था नै गरिनु पर्ने देखी यो न्यायिक टिप्पणी समेत गरिएको छ ।

महिला समलिङ्गी (Lesbion), पुरूष समलिङ्गी (Gay) र द्विलिङ्गी (Bi-sexual) व्यक्तिहरूलाई उनीहरूको यौन अभिमुखीकरण (Sexual Orientation) का आधारमा राज्य र समाजले कानुनी एवम् सामाजिक मान्यता प्रदान गरी अरू विपरीत लिङ्गीले पाए सरह स्वतन्त्रतापूर्वक जीवनयापन गर्न पाउने कानुनी व्यवस्था गरी त्यस्ता व्यक्तिहरूको मौलिक मानव अधिकारको संरक्षण गरिनु पर्दछ भन्ने निवेदकहरूको अर्को माग रहेको छ । बस्तुतः यो माग समलिङ्गी विवाह वा उनीहरूको co-habitation लाई मान्यता दिनु पर्ने विषयमा केन्द्रित रहेको छ । समलिङ्गी विवाहका सम्वन्धमा हेर्दा एउटा सावालक व्यक्तिले अर्को सावालक व्यक्तिसँग राजीखुशी मञ्जूरीले आफ्नो चाहना अनुरूप वैवाहिक सम्वन्ध राख्न पाउनु उसको नैसर्गिक हक र अधिकार हो । समलिङ्गी विवाहलाई सम्बन्धित व्यक्तिहरूको हक अधिकार र सामाजिक पारिवारिक दृष्टि सबै पक्षबाट हेरिनु पर्दछ । अन्य राष्ट्रको यस सम्बन्धी प्रचलन एवं कानूनी व्यवस्था समेत हेरी महिला तथा पुरूष समलिङ्गी बिवाह (Gay and Lesbian Marriage) को सम्बन्धमा अध्ययन गरी निष्कर्षमा पुग्न उचित हुने देखिन्छ । कतिपय राष्ट्रहरूले यसलाई मान्यता समेत प्रदान गरेका छन् भने कतिपय राष्ट्रमा मान्यता दिई नसकेको पनि देखिन्छ । तसर्थ मानवअधिकार सम्वन्धी दस्तावेजहरू, विश्वमा विकास भएका यस सम्बन्धी नवीन मान्यताहरू, समलिङ्गी विवाहलाई मान्यता प्रदान गर्ने देशहरूको अनुभव र त्यसले समाजमा पार्ने प्रभावका बारेमा बृहत् अध्ययन र विश्लेषण गरिनु आवश्यक रहेको छ । यस सम्बन्धी समग्र विषयमा अध्ययन गर्न नेपाल सरकारले स्वास्थ्य मन्त्रालयले तोकेको एक जना विशेषज्ञ डाक्टरको अध्यक्षतामा निवेदकहरूको प्रतिनिधीत्व गर्ने गरी अधिवक्ता हरी फुयाल समेतको सात सदस्यीय एक समिति गठन गर्नु । उक्त समितिले निवेदकले उठाएको मागहरू मध्ये समान लिङ्गका व्यक्तिहरू बीचको बिवाह (Same Sex Marriage) र समग्र LGBTI हरूको वैवाहिक अवस्थाका सम्बन्धमा सम्भव भए अन्य राष्ट्रका कानुनी व्यवस्था समेत अध्ययन गरी उक्त समितिले दिएको राय सुझावको आधारमा नेपाल सरकारले आवश्यक निर्णय गरी कानुनी व्यवस्था गर्नु ।

# परिच्छेद - ७

यस परिच्छेदको सम्पूर्ण अंश **एरिक मार्कस**द्वारा लिखित **"इज इट् अ च्वाइस्"** किताबबाट भावानुवाद गरिएको हो
**- सुनील बाबु पन्त**

# समलिङ्गी या तेस्रोलिङ्गी हुनुः के यो रोजाई हो ?

## समलिङ्गी / तेश्रो लिङ्गी वारे बारम्बार सोधिने प्रश्नहरू

### १) कोही कसरी समलिङ्गी बन्छ ?

कोही पनि आफ्नो इच्छाले वा अरूको इच्छाले समलिङ्गी बन्दैनन्, जसरी कोही आफ्नो इच्छाले वा अरूको इच्छाले विपरितलिङ्गी बन्दैनन् । यो जन्मजात लिएर आउने कुरा हो । हामी सबैका आ–आफ्नै यौनिक आकर्षण छन् । हामी मध्ये धेरैका यौनिक आकर्षणका अनुभुति विपरितलङ्गी प्रति (महिला पुरूष प्रति र पुरूष महिला प्रति) हुन्छ । हामी मध्ये केहीका यौनिक आकर्षणका अनुभुति समानलिङ्ग प्रति (महिला महिला प्रति र पुरूष पुरूष प्रति) हुन्छ ।

यौनिक आकर्षणका अनुभुति के के कारणले हामीमा आउछ, चाहे त्यो विपरितलिङ्गीको ह्युस् वा समलिङ्गीको, कसैलाई थाहा नभए पनि यी अनुभुतिहरू नैसर्गिक हुन् जस्ले हामीलाई खुसी वा भ्रमित दुवै गराउन सक्छन् । जब हाम्रो उमेर १३, १४ बर्ष माथि चढ्न थाल्छ यी यौनिक आकर्षणका अनुभुतिहरू अरू बलिया हुन पुग्दछन् र हामी भावनात्मक तथा शारिरीक रूपमै अर्को व्यक्ति प्रति आकर्षित हुन थाल्दछौं ।

### २) कोही कसरी तेश्रोलिङ्गी बन्छ ?

कोही पनि आफ्नो इच्छाले वा अरूको इच्छाले तेस्रोलिङ्गी बन्दैनन्, जसरी कोही आफ्नो इच्छाले वा अरूको इच्छाले पुरूष वा महिला बन्दैन । यो जन्मजात लिएर आउने कुरा हो । हामी सबैका आ–आफ्नै लैङ्गिक पहिचान छन् । हामी मध्ये धेरैका लैङ्गिक पहिचान महिला वा पुरूष हुने गर्दछ भने हामी मध्ये केहीका लैङ्गिक पहिचान महिला वा पुरूष भन्दा अलग तेस्रोलिङ्गीको हुन्छ ।

### ३) यौनिक आकर्षणका अनुभूति वास्तवमा के हुन् त ?

जब हामी १३/१४ बर्षबाट माथि हुर्कन थाल्दछौ र हामीमा "खास" शारीरिक परिवर्तन देखिन थाल्दछ, हामीमा आकर्षणको दरो अनुभुतिहरू पनि सुरू हुन थाल्दछन्, जो हामीमा हाम्रा आफन्त वा साथी–भाइ प्रति हुने मायाका अनुभुतिहरू भन्दा फरक र सशक्त हुने गर्दछन् । यिनै सशक्त यौनिक आकर्षणका

अनुभूतिहरूले हामीमा शारीरिक सम्बन्ध राख्ने इच्छा पनि जगाउँदछ । कसैमा यी अनुभूतिहरू ११/१२ बर्ष मै र कसैमा १८ बर्ष वा केहि ढिला गरी देखिने गर्दछ । यी कौतुहलता र चाहनाहरू शब्दमा विश्लेषण गर्न गाऱ्हो छ, तर आफूलाई थाहा हुन्छ जब हामी यी अनुभुतिहरूका आफै अनुभव गर्दछौं ।

## ४) के समलिङ्गी हुनु रोजाई हो ?

होईन, समलिङ्गी हुनु कुनै रोजाई होइन । मानिसहरूले आफ्ना यौनिक आकर्षणका अनुभुतिहरू यस्तै खालको हुनु पर्छ भनेर रोजेको हुँदैनन् । यो सबैका लागि सत्य हो । कपालको रंग, आँखाको रंग, हाम्रो उचाई, वा छालाको रंग जस्तै हामी हाम्रो यौनिक आकर्षण पनि आफूले वा अरू कसैले चाहे जस्तो रोज्न सक्दैनौ ।

## ५) के हामी (समलिङ्गी वा विपरितलिङ्गी) यौनिक आकर्षणका अनुभुतिहरु परिवर्तन गर्न सक्छौ ?

सक्दैनौं, यौनिक आकर्षणको विषयमा जतिसुकै प्रार्थना, परामर्श, आशा, औषधिमूलो गरे पनि त्यो परिवर्तन हुँदैन । यौनिक आकर्षण मानिसका अन्य गुणभन्दा फरक, न त परिवर्तन हुन्छ न त साट्न (विपरित भए समलिङ्गी हुने वा समलिङ्गी भए विपरितलिङ्गी हुने) नै सकिन्छ । हामी आफ्ना यी अनुभुतिहरूलाई अनदेखा गर्ने कोशिस गर्न सक्छौ, हामीमा त्यस्ता अनुभूतिहरू छैनन् भनेर (आफैलाई समेत) ढाट्न सक्छौ तर हामीले जे भने पनि, आँखाको रंग परिवर्तन गर्न नसके जस्तै हामी आफ्ना यौनिक आकर्षणका अनुभूतिहरू परिवर्तन गर्न सक्दैनौ न त मेटाउन नै सक्छौ ।

धेरै मानिसहरू खास गरी हाम्रो जस्तो समाजमा जहाँ विपरितलिङ्ग (पुरूष महिला बीच हुने) विवाह अनिवार्य जस्तै मानिन्छ, परिवारको दवाव वा समाजको डर वा अन्य वाध्यताले समलिङ्गी महिला होस् वा समलिङ्गी पुरूष होस्, विपरितलिङ्गी विवाह गर्दछन् । त्यसले गर्दा उनीहरूको यौन व्यवहारमा फरक त आउला तर पनि उनिहरूमा यौनिक आकर्षणको अनुभूतिहरू भने कहिल्लै परिवर्तन हुँदैन र जीवन रहेसम्म त्यहि रहिरहन्छ, हराउँदैन ।

## ६) आफु समलिङ्गी हो वा होइन थाहा पाउन के शारीरिक सम्बन्ध राख्नै पर्छ ?

पर्दैन, धेरै व्यक्तिहरूलाई, चाहे विपरितलिङ्गी हुन् वा समलिङ्गी, अरूसंग शारीरिक सम्बन्ध हुनु भन्दा धेरै पहिले आफ्नो यौनिक आकर्षणको बारेमा यकिन भइसकेको हुन्छ । हाम्रो भित्री अनुभूतिले नै हामीलाई यो कुरा स्पष्ट भइसकेको हुन्छ । तर कहिले काही केहि व्यक्तिहरूमा भने आफ्ना यी अनुभुतिहरूलाई बुझ्न र यकिन गरी चिन्न शारीरिक वा भावनात्मक अनुभव पछि मात्र सम्भव हुने गर्दछ ।

## ७) किन हामी समलिङ्गी होइनौं भनेर छद्म भेद नबनाउने ?

धेरै समलिङ्गीहरू आफ्नो सही यौनिक पहिचान लुकाएर समाजमा आफू विपरितलिङ्गी भए जस्तो देखाउँछन् । तर यो सजिलो भने पटक्कै छैन । वास्तवमा यो त्यतिनै गाह्रो छ जति एउटा विपरितलिङ्गीलाई आफ्नो सहि यौनिक पहिचान लुकाएर समाजमा आफू समलिङ्गी भए जस्तो देखाउँदा हुन्छ ।

उदाहरणको लागि, केहि समयका लागि एउटा संसारको कल्पना गरौं जहाँ बहुसंख्यक समलिङ्गी बस्दछन् । यस्तो संसारमा समलिङ्गीलाई त सजिलै हुने भयो आफ्नो पहिचान खुलाएर बाँच्न तर यदि तपाई यस्तो संसारमा अल्पसंख्यक तथा बर्जित विपरितलिङ्गी मध्ये एक पर्नु भयो, तपाईलाई आफ्नो यौनिक पहिचान कसैले थाहा पाउला भन्ने ठूलो डर हुन्छ र तपाई कुनै (महिला भए) पुरूष प्रति वा (पुरूष भए) महिला प्रति आकर्षण हुने कुरा कसैसंग गर्न पनि सक्नु हुन्न । तपाईलाई समलिङ्गी विवाह गर्न पारिवारिक वा सामाजिक दवाब पर्छ र तपाई माथि समलिङ्गी शारीरिक सम्बन्ध राख्नु पर्ने ठूलो अपेक्षा राखिन्छ । कति गाह्रो होला तपाईलाई आफू नभएको व्यक्तित्व बाँच्नु पर्दा ? आज पनि हाम्रो समाजमा अधिकांश समलिङ्गी तथा तेस्रोलिङ्गी आफू नभएको व्यक्तित्व बोकेर जिन्दगी बाँचिरहेका छन् (वा मरिरहेका छन्) ।

## ८) यदि कोही यौन दुरव्यवहारको शिकार भएर ऊ समलिङ्गी बन्ने हो ?

होइन, केहि मानिसमा यस्तो भ्रम हुन सक्छः कि यदि कोही यौन दुरव्यवहारको शिकार भएमा ऊ समलिङ्गी बन्छ भनेर । उनीहरू गलत हुन् । यौन दुरव्यवहारको शिकार भएका व्यक्ति रिसाउने वा दुखी हुने वा विचलित हुन सक्छन् तर उनीहरूको यौनिक आकर्षणका अनुभुतिहरू यस्ता यौन दुरव्यवहारले परिवर्तन हुँदैनन् । दुरभाग्यवस नेपालमा पनि धेरै युवाहरू खास गरि महिलाहरूले यौन दुरव्यवहारको अनुभव बोकेका छन् र ती मध्ये धेरैले आफूलाई विपरितलिङ्गी नै पाउँछन् किनकि उनीहरू पहिला देखिनै विपरितलिङ्गी नै हुन् ।

## ९) के समलिङ्गी हुनु कुनै रोग हो ?

होइन, समलैङ्गिकता कुनै रोग वा विमारी होइन । तर त्रास लाग्दो कुरा के थियो भने धेरै मानसिक स्वास्थ्यका डक्टरहरू पहिला समलिङ्गी आकर्षणको अनुभुति हुनुलाई मानसिक रोग भन्दथे । सन् १९७० मा American Psychological Association र the American Psychiatric Association ले आफूहरूले ठूलो भुल गरेको स्वीकार गर्दै समलैङ्गिकतालाई कुनै रोग नभएको पुष्टि गरे साथै मानसिक रोगको तालिकाबाट पनि यसलाई हटाए । सन् १९९० मा विश्व स्वास्थ्य संगठनले पनि समलैङ्गिकता कुनै रोग नभएको पुष्टि गरिसकेको छ ।

## १०) के समलैङ्गिकता असामान्य हो ?

बहुसंख्यक मानिस दाहिने हात चलाउने (right handed) भएतापनि अहिले हामी देब्रे हात चलाउने (left handed) मानिसलाई असामान्य ठान्दैनौं । उनीहरू, सामान्यतवरले, बहुसंख्यक हात चलाउने (right handed) भन्दा परक हुन् । जसरी अझै पनि समलिङ्गीहरूलाई असामान्य ठनिन्छ, पहिले देब्रे हात चलाउने (left handed) मानिसलाई पनि असामान्य ठान्ने गरिन्थ्यो ।

यदि अप्राकृतिकलाई असामान्य भन्न खोजिएको हो भने पनि समलैङ्गिकता परिभाषाले नै प्राकृतिक हो किनकि यो प्रकृतिमानै हुने गर्दछ र मानिस वीचमा मात्र होइन वैज्ञानिकहरूको अध्ययनले हिमाली भेडा, सामुद्रिक घोडा देखि गुरिल्ला, चिम्पाञ्जी जस्ता बाँदर सम्म ४५० भन्दा बढि अनेकौं प्राणीहरूमा समलैङ्गिक व्यवहार पाइएको कुरा पुष्टि गरिसकेका छन् ।

साथै, समलिङ्गी मानिसहरू, जो आफ्नो यौनिकतालाई सहज स्वीकारिसकेका छन्, भन्न सक्छन् कि उनीहरू वीचको समलिङ्गी शारीरिक तथा भावनात्मक सम्बन्ध कति सहज र प्राकृतिक छ उनीहरूका लागि, जति विपरितलिङ्गीका लागि उनीहरू वीचको विपरितलिङ्गी शारीरिक तथा भावनात्मक सम्बन्ध सहज र प्राकृतिक छ ।

## ११) समलिङ्गी र तेस्रोलिङ्गीको जनसंख्या कति छ ?

धेरै समलिङ्गीहरू हाम्रो समाजमा आफ्नो पहिचान लुकाएर विपरित लिङ्गी पहिचान धारण गरेर बाँच्न बाध्य छन् । त्यसकारण समलिङ्गीको संख्या यकिन गर्न गाह्रो छ, तर विश्वका विभिन्न अध्ययनहरूले देखाए अनुसार जनसंख्याको करिब ८-१०% समलिङ्गी तथा करिब १% तेस्रोलिङ्गी जनसंख्या रहेको अनुमान गर्न सकिन्छ ।

## १२) के तेस्रोलिङ्गी व्यक्तिहरु समलिङ्गी हुन् ?

अन्य महिला पुरूष जस्तै, तेस्रोलिङ्ग व्यक्तिहरूको यौनिक आकर्षण पनि विपरितलिङ्गी वा समलिङ्गी हुन सक्छन् । कुनै व्यक्तिले आफू महिला वा पुरूष वा तेस्रोलिङ्गी पहिचानको अनुभुत गर्नु उसको यौनिक आकर्षणसंग असम्बन्धित कुरो हो ।

## १३) कसैले छक्का, हिजडा, नपुंसक भनी गाली वेइजति गर्दा समलिङ्गी तथा तेस्रोलिङ्गीलाई कस्तो लाग्छ ?

छक्का, हिजडा, नपुंसक जस्ता गाली सुन्दा चित्त गहिरो दुख्छ, अझ खास गरी साथी भाइ र आफन्तको मुखबाट सुन्दा । तर यसले समलिङ्गी तथा तेस्रोलिङ्गीलाई रिस उठाउन पनि सक्छ, । यदि त्यस्ता गाली सम्बन्धित व्यक्ति प्रति लक्षित गरिएको भए त्यो व्यक्तिले डर-त्रासको अनुभूति पनि गर्न सक्छ ।

## १४) समलिङ्गी प्रति घृणा वा डर (Homophobia) के हो ?

पूर्वाग्रह, विभेद वा नकरात्मक धारणाले ग्रसित भएर हुने उपज समलिङ्गी प्रतिको घृणा वा डर हो । यसले समलिङ्गीहरूलाई अदृश्य हुन वा लुक्न बाध्य तुल्याउँदछ, विभेदको शिकार बनाउँछ, तिरष्कृत गराउँछ वा अन्यायको शिकार पनि बनाउँछ ।

## १५) विपरितलिङ्गवाद (Hetrerosexism) के हो ?

सबै व्यक्ति विपरितलिङ्गी नै हुन्छन् भन्ने मान्यता राखी यो नै उत्तम तथा माथिल्लो हो भन्नु विपरितलिङ्गवाद हो । विपरितलिङ्गवाद प्रायः सुक्ष्म रूपमा प्रस्तुत हुने गर्दछ, जस्तै समलिङ्गी तथा तेस्रोलिङ्गी व्यक्तिको पहिचान, व्यवहार, सम्बन्ध तथा समुदायको इन्कारी, अनावश्यक आलोचना गर्नु वा लाञ्छना लगाउनु ।

नील हिरा समाज

यूरोपेली संघ